
# लेखापरीक्षण प्रतिवेदन

# लेकवेशी नगरपालिका, सुर्खेत

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# लेकवेशी नगरपालिका, सुर्खेत

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/460

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
लेकवेशी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सुर्खेत।

## कैफियतसहितको राय

हामीले लेकवेशी नगरपालिका, सुर्खेतको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड ३३ लाख ११ हजार, गरिबसँग विश्वश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २७ लाख ५ हजार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ७ लाख ९२ हजार र सामाजिक विकास मन्त्रालयको रु. ८ लाख समेत गरी रु. १२ करोड ८० लाख २३ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अर्व ५४ करोड ५२ लाख १५ हजार लेखापरीक्षण गरिएकोमा रु. ५ करोड ७३ लाख ९८ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु. ४७ लाख ६ हजारको फर्स्यौट भई रु. ५ करोड २६ लाख ९१ हजार बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू. ५० लाख ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९४ लाख २२ हजार, नियमित गर्नुपर्ने रु. ८१ लाख ४९ हजार र पेश्की बेरुजु रु.३ करोड ८१ हजार रहेको छ। गत वर्षसम्म रु. ३३ करोड १८ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु.७ करोड ६३ लाख ६५ हजार फर्स्यौट भई यस वर्षको रु. ५ करोड २६ लाख ९२ हजार बेरुजु थप हुँदा हालसम्मको अद्यावधिक बेरुजू रु.३० करोड ८१ लाख ४८ हजार रहेको छ। पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## चालु आर्थिक वर्षको **बेरुजु वर्गीकरण**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७७ | १५४ | ५,७३,९७,७४१ | ० | ८९ | ४७,०६,०६२ | ० | ७७ | ६५ | ५,२६,९१,६७९ | ५०,३९,८१७ | ८१,४८,८१६ | ९४,२२,०४६ | ० | ० | १,७५,७०,८६२ | ३,००,८१,००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | ३३,१८,२०,९९२ | ० | ७,६३,६५,०२३ | २५,५४,५५,९६९ | ० | ५,२६,९१,६७९ | ३०,८१,४७,६४८ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५०.१ | शिक्षक तालिम | ११,४७४ |
| २ | २०८०/८१ | ९२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १,९४,००० |
| ३ | २०८०/८१ | ५१ | लैङ्गिक हिंसा न्युनिकरण प्रशिक्षक पारिश्रमिक र सहयोगी भत्ता | ११,८१५ |
| ४ | २०८०/८१ | ६९ | मूल्य अभिवृद्धि कर | ४,३३,८३० |
| ५ | २०८०/८१ | ६७.१ | भुतचोक साटाफाटा देवीडाँडा तिमसारकोट सडक | २,१३,६३८ |
| ६ | २०८०/८१ | ७१ | बिल भरपाई | ११,७६,६९६ |
| ७ | २०८०/८१ | ६५ | बढी भुक्तानी | १०,८४९ |
| ८ | २०८०/८१ | ४४ | बढी भुक्तानी | ११,६८५ |
| ९ | २०८०/८१ | ६८ | प्रोभिजनल सम | ७१,४२८ |
| १० | २०८०/८१ | ६० | प्राविधिक नापी नभएको | १,८५,८६४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०८०/८१ | ७३ | पाईप खरिद | ४,९९,६६५ |
| १२ | २०८०/८१ | ५४ | नगरसभा र नगरकार्यपालिका | ९८,१७५ |
| १३ | २०८०/८१ | ८१ | थप सुविधा लिएको | २६,२५० |
| १४ | २०८०/८१ | ७८ | डोजरको कार्यको प्राविधिक बिल र कार्य सम्पन्न नभएको | ३,१८,२५५ |
| १५ | २०८०/८१ | ४१ | जिल्ला भित्र भ्रमण | १०,८०० |
| १६ | २०८०/८१ | ८७ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७,००,००० |
| १७ | २०८०/८१ | ३६ | म्याद नाघेको पेश्की बाँकी | ७,३८,६३१ |
| १८ | २०७९/८० | विभिन्न NAMS बाट | विज्ञापन | ० |
| १९ | २०७९/८० | विभिन्न NAMS बाट | अल्ट्रासाउण्ड खरिद | ९,९७,७९० |
| २० | २०७९/८० | विभिन्न NAMS बाट | अनुगमन भत्ता | ६,८०० |
| २१ | २०७८/७९ | विभिन्न NAMS बाट | स्वकीय सचिव र सल्लाहकार | २,८६,००० |
| २२ | २०७८/७९ | विभिन्न NAMS बाट | सहकारी तथा अन्य संस्थाको भवन निर्माण | ९,६५,८९८ |
| २३ | २०७८/७९ | विभिन्न NAMS बाट | शिर्षक फरक पारी खर्च | १३,४३,५५१ |
| २४ | २०७८/७९ | विभिन्न NAMS बाट | बढी भुक्तानी | २,५०३ |
| २५ | २०७८/७९ | विभिन्न NAMS बाट | बजेट खर्च लेखी कागजात उपलब्ध नभएको | ४,३५,४८७ |
| २६ | २०७८/७९ | विभिन्न NAMS बाट | फिल्ड निरीक्षण सम्बन्धमा | ९०,९५७ |
| २७ | २०७८/७९ | विभिन्न NAMS बाट | कार्यसम्पादन जमानतरको म्याद थप बारे | २२,७२,००० |
| २८ | २०७७/७८ | विभिन्न NAMS बाट | पेश्की बांकी | ४३,२२,१८१ |
| २९ | २०७७/७८ | विभिन्न NAMS बाट | उपभोक्ता समितिबाट खरिद | १७,२४,६६५ |
| ३० | २०७९/८० | विभिन्न NAMS बाट | सव कन्ट्याक्टरबाट कार्य गराएको | ३८,७३,४९४ |
| ३१ | २०७९/८० | विभिन्न NAMS बाट | म्याद नाघेको पेश्की | ४४,३१,००० |
| ३२ | २०७८/७९ | विभिन्न NAMS बाट | पेश्की बाकीः | २४,६३,६८६ |
| ३३ | २०७८/७९ | विभिन्न NAMS बाट | कर्मचारी प्रोत्साहन भत्ता | १५,६८,८७२ |
| ३४ | २०७७/७८ | विभिन्न NAMS बाट | कानुनी सल्लाहकार | २,३९,००० |
| ३५ | २०७७/७८ | विभिन्न NAMS बाट | कर कट्टी नगरेको | १,२४२ |
| ३६ | २०७४/७५ | २२ | खरिद सामान दाखिला | ११,९४,९३४ |
| ३७ | २०७४/७५ | ४१ | जिन्सी दाखिला | ३२,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | २०७४/७५ | ४५ | पदाधिकारी तथा सदस्यको दोहोरो सुविधा भुक्तानी | २,९५,८०० |
| ३९ | २०७४/७५ | ६६.१ | वडामा पठाएको सामानको जिन्सी दाखिला | ४२,११,३२७ |
| ४० | 2074/७५ | ६८ | डिलाराम चपाई र विष्णु प्रसाद आचार्यको पेश्की फस्यौंट | ६,३५,००० |
| ४१ | २०७४/७५ | २०.५ | घाँस वितरण भरपाई | २,९३,६१० |
| ४२ | २०७४/७५ | ६८ | तेज बहादुर घर्ती पेश्की फस्यौंट | १,००,००० |
| ४३ | २०७४/७५ | ६७ | आन्तरिक बेरुजु सम्परीक्षण | ४,०९,९०५ |
| ४४ | २०७५/७६ | ७३ | खगिसरा पौडेल करार सम्झौता प्रमाण पेस | १,७९,००० |
| ४५ | २०७५/७६ | ७६ | नरेन्द्र बहादुर हमाल र यसोदा थापा पेश्की फस्यौंट | ४,५०,००० |
| ४६ | २०७५/७६ | ४१ | वितरणमुखी आर्थिक सहायता रकम सभाबाट नियमित गरेको | २,३२,७९० |
| ४७ | २०७५/७६ | ४९ | विपदको लागि पाइप खरिद सभाबाट नियमित गरेको | ३,३०,७००.१५ |
| ४८ | २०७५/७६ | ५१ | स्वास्थ्य स्वयम सेविका प्रोत्साहन रकम सभाबाट नियमित | १,४५,००० |
| ४९ | 20७५/७६ | ५२ | शिक्षक पारिश्रमिक सभाबाट नियमित | ९,३५,००० |
| ५० | २०७५/७६ | ५४ | टुक्रा पारी कार्य गराएको अनियमित | २,७५,५८१.२४ |
| ५१ | २०७५/76 | ५७ | लेकवेशी बहुमुखी क्याम्पसको डीपीआर भुक्तानी सभाबाट नियमित गरेको | ३,७०,००० |
| ५२ | २०७५/76 | ५८ | सहकारी संस्थालाई भुक्तानी गरेको सभाबाट नियमित गरेको | ९,७३,७५० |
| ५३ | २०७५/७६ | ६२ | सवारी साधन मर्मत सभाबाट नियमित गरेको | १०,९१,४६७ |
| ५४ | २०७५/७६ | ७६ | पेश्की फस्यौंट | ४,५०,००० |
| ५५ | २०७६/७७ | ७३ | सरस्वति प्रावि, शिशु प्रावि, र नेरामावि कुइनेपानी भवन निर्माण कार्य सम्पन्न पेस | ३९,००,००० |
| ५६ | २०७६/७७ | ७९ | असुली रकम | ५,७०० |
| ५७ | २०७६/७७ | ११९.२ | सामाजिक सुरक्षा समितको निर्णय र भरपाई | १,८१,८०० |
| ५८ | २०७६/७७ | १२६ | पेश्की फस्यौंट | २,४८,२१,९१८ |
| ५९ | २०७६/७७ | १८ | फिल्ड भत्ता सभाबाट नियमित | ३०,३१,३५५ |
| ६० | २०७६/७७ | २९ | कानूनी सल्लाहकार सभाबाट नियमित | २,१६,००० |
| ६१ | २०७६/७७ | ६२ | निर्माण व्यवसायीबाट कार्य गराएको सभाबाट नियमित | २२,२०,६०३ |
| ६२ | २०७६/७७ | ७५.५ | मल सोझै खरिद सभाबाट नियमित | १७,७७,००० |
| ६३ | २०७६/७७ | ७६ | औषधी खरिद सभाबाट नियमित | ११,४४,८३९ |
| ६४ | २०७६/७७ | ११२ | कर्मचारी आवासको लागि भाडामा लिएको सभाबाट नियमित गरेको | ३,३६,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६५ | २०७६/७७ | ११३ | अन्तरसरकारी निकायलाई हस्तान्तरण सभाबाट नियमित | २,५१,३६८ |
| ६६ | २०७६/७७ | १०७ | विल भरपाई | ३,०७,४५० |
| ६७ | २०७६/७७ | १२६ | पेश्की फर्स्योट | ५,४०,००० |
| **जम्मा** | | | | **८,१०,७१,०८५.३९** |

# (८०६६८४०४३०० - लेकवेशी नगरपालिका, सुर्खेत )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १८०.९२ वर्ग किलोमिटर क्षेत्रफल तथा ३१ हजार ७ सय १० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०९।२६ देखि २०८१ ।१०।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको रु. १ अर्व ५४ करोड ५२ लाख १५ हजार लेखापरीक्षण गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६३,२९,५१७।४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बहाल कर दाखिला | ३१७७०२ |
| २ | कर दाखिला | ९६६८२५.४ |
| ३ | नपाउने भ्रमण खर्च | ५५०५० |
| ४ | प्रोत्साहन भत्ता | १२६७२० |
| ५ | सर्शत अनुदान फिर्ता | १७८८२८१ |
| ६ | राजस्व बाडफाँड | २३१०६०९ |
| ७ | बढी भुक्तानी असुली | ११५२०७ |
| ८ | सामाजिक सुरक्षा बढी भुक्तानी | ४५०२३ |
| ९ | पारिश्रमिक कर | २२७२१४ |
| १० | सम्परीक्षणको क्रममा असुली | ३७६८८६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| **२०८०/४/१देखी २०८१/३/३१ सम्म** | | | |
| **क्र.सं.** | **विवरण** | **यसवर्षको रु.** | **गतवर्षको रु.** |
| १ | कर | १३,०८,२१,०२७.१९ | ६,०८,०८,५६२.९० |
| २ | अनुदान | ४५,७९,२२,९७९.११ | ४८,९६,६५,४९०.०० |
| ३ | अन्य राजस्व | १,००,८५,१५८.८७ | १,७१,७७,७७९.५६ |
| ४ | विविध प्राप्ति | १६,९७,७५५.८० | ३,३०,३९०.०० |
| **क** | **कुल जम्मा प्राप्ति** | **६०,०५,२६,९२०.९७** | **५६,७९,८२,२२२.४६** |
| **१** | **चालु** | **३९,८९,५४,०३५.५६** | **३७,०९,५७,११३.०४** |
| १.१ | पारिश्रमिक / सुविधा | २४,०६,५८,०७८.०४ | २१,९२,२६,९६५.९५ |
| १.२ | मालसामान तथा सेवाको उपयोग | १०,१८,३५,२७३.५७ | १३,३४,६२,६४३.१७ |
| १.३ | सहायता (Subsidy) | १,०८,९८,६०२.०० | ६८,७७,८३७.०० |
| १.४ | सामाजिक सुरक्षा | ८४,३९,७१८.०० | ९४,९०,४९८.०० |
| १.५ | अन्य खर्च | ३,७१,२२,३६३.९५ | १८,९९,१६८.९२ |
| **२** | **पूंजीगत** | **२२,०७,८६,०५९.३९** | **२५,२८,६०,९३१.३०** |
| २.१ | भवन तथा संरचना | ६,५९,७०,६१७.०० | १०,७१,३७,२४९.३० |
| २.२ | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,६३,०८,८३१.५० | १,२६,६५,५३९.०० |
| २.३ | अन्य पूँजीगत खर्च | ३४,२४,९७५.७० | ७२,८५,९८१.०० |
| २.४ | सुरक्षा उपकरण | ० | ४,७२,३६४.०० |
| २.५ | सार्वजनिक निर्माण | १३,२८,८०,००९.१९ | ११,९६,७५,७७२.०० |
| २.६ | निर्मितसरचनाको सुधार खर्च | ६,४९,१९८.०० | ९,०२,६८८.०० |
| २.७ | पूँजीगत सुधार खर्च | १४,५२,४२८.०० | ४७,२१,३३८.०० |
| २.८ | जग्गाप्राप्ति खर्च | १,००,०००.०० | ० |
| **ख)** | **कुल जम्मा भुक्तानी** | **६१,९७,४०,०९४.९५** | **६२,३८,१८,०४४.३४** |
| ग) | बचत/कमी (ग = क-ख ) | (१,९२,१३,१७३.९८) | (५,५८,३५,८२१.८८) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २६,६७,६४३.१४ | ९१,१२,४९८.२० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (२४,७२,३३४.४३) | (५९,७९,०१६.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत/(कमी)) (ङ = ग+घ) | (१,६५,४५,५३०.८४) | (४,६७,२३,३२३.६८) |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | **८,७६,२१,३६५.४२** | **१३,४३,४४,६८९.१०** |
| **छ)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (छ= ङ+च)** | **७,१०,७५,८३४.५८** | **८,७६,२१,३६५.४२** |

कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | १२४५३७३६० | १२३३११४८४ | १२३३११४८४ |
| ३७०००११४३ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २७०५००० | २७०५००० | २७०५००० |
| ३३६००१०२३ | गरिवसँगविश्वेश्वर कार्यक्रम | ४१५००० | ४१५००० | ४१५००० |
| **जम्मा** | | **१२७६५७३६०** | **१२६४३१४८४** | **१२६४३१४८४** |

प्रदेश लेखा नियन्त्रकबाट निकासा प्राप्त

| बजेट उपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४००००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ७९२००० | ७९२००० | ७९२००० |
| ३५००००११३ | सामाजिक विकास मन्त्रालय | ८००००० | ८००००० | ८००००० |
| **जम्मा** | | **१५९२०००** | **१५९२०००** | **१५९२०००** |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२,३३,११,४८४/-, गरिबसँग विश्वश्वर कार्यक्रमको रु. ४,१५,०००/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २७,०५,०००/-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ७,९२,०००/- र सामाजिक विकास मन्त्रालयको रु. ८,००,०००/- समेत गरी रु. १२,८०,२३,४८३/- एकिकृत वित्तीय प्रतिवेदनमा समावेश गरेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ६३,२९,०१६/-, यस वर्षको प्राप्ति रु. १५,७४,७९,०३३/८९, यस वर्षको भुक्तानी रु. १७,९७,४९,८८०/८० र बाँकी मौज्दात रु. १,८६,०९,४७४/०५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बाँकी मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ९३९५०३८१.४२ | ७५८००५९५४.८६ | ७९९४८९९७५.७५ | ५२४६६३६०.५३ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ८७६२१३६५.४२ | ६००५२६९२०.९७ | ६१९७४००९४.९५ | ७१०७५८३४.५८ |
| **फरक** | **६३२९०१६** | **१५७४७९०३३.८९** | **१७९७४९८८०.८०** | **१८६०९४७४.०५** |

२.४ **बैङ्क हिसाव विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | -१०० | ३२२१६० | ३२२२६० |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | २३१०००० | २३१०००० | ० |
| चालू खर्च खाता- विजोर वर्ष (ग २-१) | ३९९५०० | २०५६०७११ | २०१६१२११ |
| पुँजीगत खर्च खाता- विजोर वर्ष (ग २-३) | -६५३६१९ | १३३६२१७४ | १४०१५७९३ |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | ५४२९७७१०.२४ | २००५२६६५.३८ | -३४२४५०४५ |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | ८२४६९७१ | ८२४६९७१ | ० |
| विविध खर्च खाता (ग२-७) | १६८११४४१.५९ | १७३५४३२८.५९ | ५४२८८७ |
| स्थानीय तह विविध कोष खाता (५-१) | ६३५१०० | ६३५१०० | ० |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | १३९५७७१.७९ | १४५३९५९.७९ | ५८१८८ |
| जम्मा | ८३४४२७७५.६२ | ८४२९८०६९.६२ | ८५५२९४ |

२.५ **शसर्त अनुदान फिर्ता :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. ९७,७७,४९०/- र प्रदेश सशर्त अनुदानतर्फ रु. ३२,९७,३६५/- खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८१/४/३० मा फिर्ता गरेको देखिन्छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभई बाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २६१९२४५४६.११ | २५२१४७०५६.११ | ९७७७४९० | **९७७७४९०** |
| | विषेश | ८५४४७४४ | ८५४४७४४ | | |
| | समपुरक | १०९१७१२६ | १०९१७१२६ | | |
| **जम्मा** | | **२८१३८६४१६.११** | **२७१६०८९२६.११** | **९७७७४९०** | |
| प्रदेश सरकार | शसर्त | ४७०७७५३७ | ४३७८०१७२ | ३२९७३६५ | **३२९७३६५** |
| | विषेश | ४६७०६८६ | ४६७०६८६ | | |
| | समपुरक | ८८१८३४० | ८८१८३४० | | |
| **जम्मा** | | **६०५६६५६३** | **५७२६९१९८** | **३२९७३६५** | |
| **कुल जम्मा** | | **३४१९५२९७९.११** | **३२८८७८१२४.११** | **१३०७४८५५** | **१३०७४८५५** |

२.६ **बजेट पेश पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको उप प्रमुखले मिति २०८०/३/१० मा रु. ७२ करोड ८२ लाख १७ हजारको बजेट सभा समक्ष पेश गरेको र सभाबाट मिति २०८०/३/२७ मा पारित भएको जनाएको छ भने पालिकाका प्रमुखले मिति २०८०/४/७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट

खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।ऐनले तोकेको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी बजेट कार्यान्वयन गरिनु पर्दछ ।

२.७ **खर्च बिश्लेषणः** नगरपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ९२,९४,९०५/- राजस्व बाँडफाँटबाट रु. १०,६२,०८,३५८/- र अनुदानबाट रु.४५,७९,२२,९७९/- समेत रु. ५७,३४,२६,२४२/- आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ३९,८९,५४,०३५/- र पूँजिगत तर्फ रु. २२,०७,८६,०५९/- समेत रु. ६१,९७,४०,०९४/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. १ करोड ११ लाख ४५ हजार खर्च भएको छ जुन आन्तरिक आयको ११९.९१ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६२.७६ प्रतिशत चालु र ३७.२४ प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ३ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको खरिद कार्य गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. २२ करोड ७ लाख ८६ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ३ करोड २२ लाख ३४ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.४३ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण नगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## ४ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त त्रैमासिक खर्चको विवरण अनुसार कुल पुँजीगत खर्च रु. २२ करोड ७ लाख ८६ हजार मध्ये प्रथम त्रैमासिकमा १२.४३ प्रतिशत, दोश्रो त्रैमासिकमा १०.४४ प्रतिशत, तेश्रो त्रैमासिकमा १६.०३ प्रतिशत र चौथो त्रैमासिकमा ६१.१० प्रतिशत खर्च गरेको छ भने असार महिनामा मात्र ४५.४८ प्रतिशत खर्च गरेको छ । कार्यान्वयनमा रहेका सबै योजनाहरुको निर्माण कार्य कार्यतालिका अनुरुप कार्य गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा हतारमा काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाइ पर्ने भएकोले समयमै निर्माण कार्य गराई खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

| **खर्च विवरण** | **खर्च (रु. हजारमा)** | | | | | |
|---|---|---|---|---|---|---|
| | **कुल खर्च** | **प्रथम त्रैमासिक** | **दोश्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना** |
| पुँजीगत खर्च | २२०७८६ | २७४५१ | २३०५३ | ३५३८७ | १३४८९५ | १००४२४ |
| **खर्चप्रतिशत** | **१००** | **१२.४३** | **१०.४४** | **१६.०३** | **६१.१०** | **४५.४८** |

## ५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च (प्रतिशतमा)** |
|---|---|---|---|
| आर्थिक विकास | ५७५३२१५५.५ | ४४८९९४२९.२ | ७८.०४ |
| सामाजिक विकास | ३७०६८६४८० | ३३२३०५१७३.११ | ८९.६५ |
| पूर्वाधार विकास | १४३७११९५४.१ | १०३३८२४०१.१९ | ७१.९४ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ७३६८००० | ६८३७०६५ | ९२.७९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १४८९१८६५८.६२ | १३२३१६०२६.४५ | ८८.८५ |
| **जम्मा** | **७२८२१७२४८.२२** | **६१९७४००९४.९५** | **८५.१०** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा ७१.९४ देखी ९२.९७ प्रतिशतसम्म खर्च भएको छ ।

## ६ चौमासिक प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय–व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ७ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ८ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत: बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## ९ सार्वजनिक सम्पत्तिको रेखदेख

सार्वजनिक सम्पत्तिको रेखदेख : स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## ११ सवारी साधन र मेशिनरीको मर्मत अभिलेख

सवारी साधन र मेशिनरी औजारको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यावधिक गरी राखेको छैन । म .ले.प फारमले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति लागु गर्नु पर्दछ ।

## १२ सम्पत्ति व्यवस्थापन र सुरक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामान अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण सहितको प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

## १३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. ३५ लाख ९३ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना ५४ कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि

सोको प्रतिवेदन दिनुपर्नेमा नगरपालिकाको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएपछी गरी प्रतिवेदन पेश गरेको देखियो ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले नयाँ नियुक्ति भई आएका कर्मचारीहरुको योगदानमा आधारित निवृत्तिभरण कार्यविधि, २०७६ बमोजिम योगदानमा आधारित निवृत्तिभरण कट्टा गर्ने गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २७ लाख ४७ हजार खर्च लेखेकोमा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्ने गरेको छैन साथै भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी सुविधाको विविध खर्च रु. ४ लाख ७४ हजार र अन्य विविध खर्च रु. २८ लाख ३५ हजार समेत विविध खर्च शीर्षकमा जम्मा रू. ३३ लाख १० हजार खर्च गरेको छ । पालिको आन्तरिक आम्दानी जम्मा रु. ९२ लाख ९४ हजार रहेकोमा उक्त आम्दानीको ३५.६१ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### १४ सेवाप्रवाहको स्थिति

पालिकाबाट यो वर्ष घर नक्शा पास २ वटा, जन्म दर्ता ९०८ वटा, मृत्यु दर्ता २३२ वटा, बसाइँसराइ १५२ वटा, विवाह दर्ता ३१३ वटा, सम्बन्ध विच्छेद ५८ वटा गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

### १५ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरी फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

### १६ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा रकम जम्मा गरको देखिएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

### १७ ऐनको कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा नगरपालिकाले नगरसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस नगरपालिकाले कतिपय कार्यक्रम नगरसभाबाट स्वीकृत भन्दा नगरकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।नगरपालिकाले सञ्चालन

गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट नगरसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। नगरपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

१८ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यस्तै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाबाट न्याय सम्पादन गरिएका मुद्दाहरुको अभिलेख राखी विवरण तयार गरेको पाइएन । न्यायीक समितिमा दर्ता भएका र फर्छयौट भएका मुद्दाको अभिलेख अद्यावधिक गरी नियम ५३ बमोजिमको न्यायीक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको देखिएन । अत: ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

१९ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ऐन ३६, नियमावली ४, कार्यविधि ४५ गरी जम्मा ८५ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वयन गर्नु पर्दछ ।

२० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रशासन, शिक्षा, स्वास्थ्य, प्राविधिक, कृषि, आन्तरिक लेखापरीक्षण लगाएतका सेवामा अधिकृत र सहायक स्तरका गरी ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ५३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा, स्वास्थ्य र प्राविधिक तर्फका ३ अधिकृत र महिला विकास, भेटेरीनरी, प्राविधिक र प्रशासन तर्फका ५ सहायक स्तरगरी ८ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य पदपूर्ति हुन बाँकि पदमा छिटो पूर्ति गरी तथा फाजिलमा रहेकोलाई सम्बन्धित मन्त्रालयसँग समन्वय गरी जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| क्र.सं. | पद विवरण | स्वीकृत दरबन्दी | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | १ | | |
| २ | अधिकृत ९/१० शिक्षा | १ | ० | १ | |
| ३ | सि.डि.ई. ९/१० ईन्जिनियर सिभिल | १ | ० | १ | |
| ४ | अधिकृत ७/८ प्रशासन | १ | १ | | |
| ५ | लेखा अधिकृत ७/८ | १ | १ | | |
| ६ | अधिकृत शिक्षा ७/८ | १ | १ | | |
| ७ | जनस्वास्थ्य अधिकृत ७/८ | १ | ० | १ | |
| ८ | ईन्जिनियर ७/८ सिभिल | १ | १ | | |
| ९ | प्रशासन अधिकृत छैठौं | २ | २ | | |
| १० | आलेप अधिकृत छैठौं | १ | १ | | पाँचौ |
| ११ | प.हे.न. ५/६ | १ | २ | | १ बढी |
| १२ | हेल्थ असिस्टेन्ट ५/६ | १ | १ | | |
| १३ | सहायक स्तर पाँचौं प्रशासन | ५ | ५ | | |
| १४ | लेखापाल सहायक पाँचौं | १ | १ | | |
| १५ | सहायक कम्प्युटर अपरेटर चौथो | १ | १ | | |
| १६ | प्रा.स. शिक्षा ५ | १ | १ | | |
| १७ | सव ईन्जिनियर पाँचौं | २ | २ | | |
| १८ | अमिन | १ | १ | | |
| १९ | सहायक प्रशासन चौथो | २ | २ | | |
| २० | सहायक चौथो लेखा | १ | १ | | |
| २१ | सहायक महिला विकास निरीक्षक | २ | २ | | |
| २२ | भेटेरीनरी अधिकृत ७/८ | १ | २ | | १ छैटौं |
| २३ | भेटेनरी ५ | १ | १ | | |
| २४ | भेटेनरी ५ (लाइभस्टक) | १ | ० | १ | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | भेटेनरी ४ | १ | १ | | |
| २६ | भेटेनरी ४ (लाइभस्टक) | १ | १ | | |
| २७ | कृषि अधिकृत ७/८ | १ | १ | | |
| २८ | कृषि सहायक ५ | २ | २ | | |
| २९ | कृषि सहायक चौथो | १ | १ | | |
| ३० | सहायक स्तर पाँचौ | ४ | ५ | | १ बढी |
| ३१ | सब-इन्जिनियर पाँचौ | ४ | ३ | १ | |
| ३२ | सहायक चौथो | ६ | ३ | ३ | |
| ३३ | अ. सब-इन्जिनियर | ६ | ६ | | |
| **जम्मा** | | **५८** | **५३** | ८ | |

## २१ तलवी प्रतिवेदन

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको रु.२,४९,५९,७३९।२३ स्वास्थ्यतर्फको रु. २,५९,६७,५६७।६१ गरी रु.५,०९,२७,३०६।८० तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## २२ पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८०/८१ मा देहाय अनुसार रु. १ करोड ८ लाख ६५ हजार पदाधिकारी सुविधा वापत भुक्तानी भएको छ ।

## २३ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा गाउँ प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकामा जम्मा ५९ जना कर्मचारी करारमा नियुक्त गरी रु. १,६४,८६,६०७/- खर्च लेखेको छ । उक्त कर्मचारी मध्ये शसर्त अनुदानतर्फ बिभिन्न कार्यक्रमबाट २१ जना, स्थानीय सरकार सञ्चालन ऐनले तोकेको पदमा २४ जना र उक्त ऐनले तोकेको बाहेकका पदमा १४ जना कर्मचारी भर्ना गरेको देखियो । ऐनले तोके बाहेकका देहायका ४ पदमा १४ जना कर्मचारी करारमा राखी रु.४४,३५,४५२/- भुक्तानी गरेको पाइयो।कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| सि.न. | पद | संख्या | बार्षिक तलब | कैफियत |
|---|---|---|---|---|
| १ | अनमी | ७ | २०८२५०० | पालिका |
| २ | अहेव | २ | ५९५००० | पालिका |
| ३ | ल्याव असिष्टेन्ट | ३ | ८९२५०० | पालिका |
| ४ | सव इन्जिनियर | २ | ८६५४५२ | पालिका |
| | **जम्मा** | **१४** | **४४३५४५२** | |
| १ | कार्यालय सहयोगी | २० | ५०४०००० | पालिका |
| २ | हसचा | ३ | ८८६२६० | पालिका |
| ३ | हेभि सवारी चालक | १ | ३३०००० | पालिका |
| | **जम्मा** | **२४** | **६२५६२६०** | |
| १ | कार्यालय सहयोगी | ५ | १२६०००० | शसर्त |
| २ | जनस्वास्थ्य अधिकृत | १ | ६४३५८१ | शसर्त |
| ३ | सर्भेक्षक | १ | ४५६४९० | शसर्त |
| ४ | अमिन | १ | ३९९८२४ | शसर्त |
| ५ | अनमी | ५ | १४८७५०० | शसर्त |
| ६ | अहेव | ५ | १४८७५०० | शसर्त |
| ७ | विश्व खाद्य कार्यक्रम सहायक तह | ३ | ६०००० | कार्यक्रमको बजेट |
| | **जम्मा** | **२१** | **५७९४८९५** | |
| | **कुल जम्मा** | **५९** | **१६४८६६०७** | |

| | |
|---|---|
| अनियमित भएको | ४४,३५,४५२ |

२४ **खरिद व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २२ करोड ७ लाख ८६ हजार पूँजीगत खर्च गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. ५८ लाख ६४ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ९२ लाख ९५ हजार (१५८.५१ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिक अनुमान | असुली |
|---|---|---|---|
| १ | ११३१३ -सम्पती कर | १००००० | ३६४७५.८९ |
| २ | ११३१४ -भुमिकर/मालपोत | ७००००० | ८९७२१२.२४ |
| ३ | ११३१७ -वहाल कर | ८३३०० | ४३९६५०.७२ |
| ४ | ११३१८ -वहाल विटौरी कर | ६२४००० | ७५९५८१ |
| ५ | ११४५१ -सवारी साधन कर (साना सवारी) | ५०००० | ० |
| ६ | ११४७९ -अन्य मनोरञ्जन कर | ५०००० | ० |
| ७ | ११६११ -व्यवसायले भुक्तानी गर्ने | ० | ४४०१५ |
| ८ | ११६३१ -कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २४९७ |
| ९ | ११६९१ -अन्य कर | ० | ७६८७२ |
| १० | १४१५१ -सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ७००००० | ८६५३४१ |
| ११ | १४२११ -कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ३५० |
| १२ | १४२१६ -निजी धारा वापतको शुल्क | ० | ५०० |
| १३ | १४२१८ -विद्युत सेवा शुल्क | ० | २३४०० |
| १४ | १४२१९ -अन्य सेवा शुल्क तथा बिक्री | ० | ० |
| १५ | १४२२१ -न्यायिक दस्तूर | १६००० | ६८७२ |
| १६ | १४२२३ -शिक्षा क्षेत्रको आम्दानी | ५०००० | ० |
| १७ | १४२२४ -परीक्षा शुल्क | ३७००० | ५८५० |
| १८ | १४२२९ -अन्य प्रशासनिक सेवा शुल्क | ५२००० | ५८७४०० |
| १९ | १४२४१ -पार्किङ्ग शुल्क | २०००० | ० |
| २० | १४२४२ -नक्सापास दस्तुर | ३००००० | ९००० |
| २१ | १४२४३ -सिफारिश दस्तुर | ७७०००० | १५२८०५० |
| २२ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | १९०००० | ४५६७५० |
| २३ | १४२४५ -नाता प्रमाणित दस्तुर | १००००० | १९११०१ |
| २४ | १४२४९ -अन्य दस्तुर | ३४२००० | १२३३५० |
| २५ | १४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १००० |
| २६ | १४२५४ -रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | २०००० | ० |
| २७ | १४२६३ -जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ५००० |
| २८ | १४२६५ -अन्य क्षेत्रको आय | ० | ४२०० |
| २९ | १४३११ -न्यायिक दण्ड, जरिवाना र जफत | ८००००० | ० |
| ३० | १४३१२ -प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | २६००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | १४५२९ -अन्य राजस्व | ३८००० | १५०६६८२.२१ |
| ३२ | १४६११ -व्यवसाय कर | ५००००० | ० |
| ३३ | १५१११ -बेरूजू | ३२२००० | १६९७७५५.८ |
| **जम्मा** | | **५८६४३००** | **९२९४९०५.८६** |

२७ **नवीकरण शुल्क**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्मण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

२८ **प्राकृतिक श्रोत विक्रि**

कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ३ बमोजिम कार्ययोजना तयार गर्नुपर्ने, बुँदा ४ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने बुँदा ५ मा नदी तथा खानीयोग्य स्रोतको उत्खनन र सकंलन गर्दा अपनाउनु पर्ने विधि तथा बुँदा ७ मा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष देहायका दुईवटा खोलाबाट ढुंगा गिट्टी उत्खनन तथा बिक्रि वितरण गरेका लागी सम्झौता गरी देहाय अनुसार रु. ५७,७६,५२३/- आम्दानी गरेको छ । पालिकाले अन्य राजस्वका स्रोतहरुको समेत पहिचान गरी आन्तरिक राजस्व परिचालनमा जोड दिनु पर्दछ ।

| ठेक्कानं. | नदी तथा खोला | परिमाण घ.मि. | सम्झौता रकम | असुल रकम |
|---|---|---|---|---|
| १/०८०/८१ | भेरी नदीतथा चिंगाड खोला | ३९३६० | ४७६८००१ | ४७६८००१ |
| २/०८०/८१ | राते तथाखहरे खोला | ४६९०.८ | १००८५२२ | १००८५२२ |
| **जम्मा** | | **४४०५१** | **५७७६५२३** | **५७७६५२३** |

२९ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

३० **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

३१ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ (३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नुपर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष मेशिनरी तथा औजार मर्मतमा रु.२,१०,०००/- र सवारी साधन मर्मतमा रु. २३,६८,२११/- गरी जम्मा रु. २५,७८,२११/- मर्मत खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । साथै फेरिएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।

नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

३२ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ बमोजिम सार्वजनिक निकायले घर भाडामा लिनुपर्दा काठमाण्डौ उपत्यका बाहिर क्षेत्रिय वा जिल्ला स्तरको निकायको हकमा ७ दिनको सूचना कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयमा टाँस गर्नुपर्ने व्यवस्था रहेको छ । घर भाडा लिँदा उल्लेखित व्यवस्था बमोजिमको समिति गठन गरी मुल्य निर्धारण गरेको छैन । पालिकाले यो वर्ष घर भाडा वापत रु. ६,८२,६००/- भुक्तानी गरेकोमा नियमावलीमा उल्लेख भए बमोजिम नभएकोले तोकिएको प्रकृया बमोजिम घर भाडा संझौता गरी प्रचलित कानुनको पालना गर्नुपर्दछ ।

३३ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना/डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको २ वटा डिपिआर रु.६ लाख ९९ हजारको खरिद सम्झौता गरी परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| **क्र.सं.** | **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** |
|---|---|---|---|---|
| १ | मध्यकालीन संरचना निर्माण | ए एण्ड ए कन्सल्टेन्सी प्रा.ली | २९९५६३ | २९९५६३ |
| २ | गोरामारे देखिभैसेदमार सडक खण्डको डि.पि.आर | मोक्षइन्टरप्राइजेज | ४००००० | ३९९४५५ |
| **जम्मा** | | | **६९९५६३** | **६९९०१८** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन साथै प्रतिवेदनहरु अभिलेखको रुपमा लेखांकन समेत हुनुपर्दछ ।

३४ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

३५ **विगत वर्षको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई आ.व. ०७९।८० सम्मका आर्थिक वर्षमा दिएको पेश्की आर्थिक वर्ष ०८०।८१ को अन्त्यसम्म पनि फर्स्योट नभई रु. ३,०३,९५,४४०/१२ बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३६ **म्याद नाघेको पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की रु. २५,८४,१३८/- आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । उक्त पेश्की मध्ये रु. २५,३६,६३८/- को फस्र्यौट हुनुपर्ने म्याद २०८१ असार सम्म रहेको हुँदा म्याद नाघेको देखिन्छ । फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| **नगरपालिका चालुतर्फ :** | | | | |
| २०८०/०९/०४ | प्राविधीक तालिम कार्यक्रम | नरेन्द्रबहादुर हमाल | | २००००० |
| २०८०/०९/०४ | योजनाकार्यान्वयन सम्बन्धी छलफल | नरेन्द्रबहादुर हमाल | | १००००० |
| २०८१/०३/१४ | पशुपंक्षीऔषधी खरिद | नारायणदहाल | ४७५०० | ० |
| **जम्मा** | | | **४७५००** | **300000** |
| **पुँजीगततर्फ :** | | | | |
| २०८०/०७/०१ | खाँडदेविमा.वि.भवन निर्माण कार्य | बडिमालिकाकन्ष्ट्रक्सन | ० | १२००००० |
| **विविध खर्च खातातर्फ** | | | | |
| २०८०/०८/२४ | एम्बुलेन्सखरिद तथा अन्य खर्च | नमराजआचार्य | ० | ३०५००० |
| **कुल जम्मा** | | | **४७५००** | १८०५००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **६३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १८,०५,००० |

३७ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहायका निर्माण कार्य तथा मालसामान खरिद कार्य वोलपत्रको माध्यमबाट गरेको छ । यस्ता ठेक्का लागत अनुमान भन्दा २१.५१% देखि ६३.१४% प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । कार्यालयको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश ठेक्काहरु निर्माण सम्पन्न गरी भुक्तानी गरेको पाइयो । सबै योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने नगरेकाले न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही यस बर्षको ठेक्काको विवरण देहायमा उल्लेख छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३८ **अधुरो निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (११) बमोजिम सम्झौता वमोजिमका काम सम्पन्न नभएका, म्याद थप नभएका र म्याद थप हुन नसक्ने सम्झौताको हकमा खरिद सम्झौता अन्त्य गर्ने र कार्य सम्पादन जमानत जफत गर्ने साथै त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी असुल उपर गरी प्रचलित कानून बमोजिम कार्वाही गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट आर्थिक वर्ष २०७६/७७ देखी २०७८/७९ सम्म खरिद सम्झौता भएका देहायका १२ निर्माण कार्यहरु सम्झौता बमोजिमको कार्य सम्पन्न नगरी अधुरो अवस्था रहेको देखिन्छ । कार्यालयबाट उक्त खरिद सम्झौताको म्याद थप समेत नभएको र निर्माण व्यवसायीले पेश गरेको बोलपत्र जमानतको म्याद समेत समाप्त भएको देखिन्छ । अधुरो निर्माण कार्यका सम्बन्धमा खरिद सम्झौतामा उल्लेखित शर्त र खरिद कानूनको प्रावधान बमोजिमको प्रकृया अबलम्न गरी टुङ्गो लगाउनु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **पेश्की बाँकी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम निर्माण व्यवसायीलाई पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी मान्य अवधि भएको बैंक जमानत लिएर मात्र पेश्की दिनु पर्ने व्यवस्था छ । विगत वर्षमा खरिद सम्झौता भई अधुरा रहेका देहायका ६ निर्माण कार्यका निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानतको म्याद समाप्त भैसकेकोमा निर्माण व्यवसायीका नाममा रहेको पेश्की रु. २,८२,७६,०००/- हालसम्म फर्छ्यौट नगरी बाँकी रहेको देखियो। खरिद सम्झौताको म्याद र निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानतको म्याद समाप्त हुँदासम्म पेश्की फर्छ्यौट नभएको हुँदा पेश्की रकम जोखिममा रहेकोले उक्त पेश्की रकम असुल फर्छ्यौट हुनुपर्ने रु.

| सि.नं. | ठेक्का नं. | कामको विवरण | निर्माण फर्मको नाम | सम्झौता मिति | सम्झौताको म्याद | पेश्कीजमानत | | पेश्की बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | रकम | जमानतकोम्याद | |
| १ | ६/०७६-७७ | चन्द्रपुरमाध्यमिक विद्यालय | एचवि पि कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा लि | २०७७/०३/२६ | २०७८-१२-३० | ५८४००० | २०२१/०१/०६ | ५८४००० |
| २ | १/०७७-०७८ | आदर्शमा.वि. लेखफरुसा भवन निर्माण | सप्तकोशीनिर्माण सेवा | २०७७/१२/०३ | २०७९-१२-३० | १४६०००० | २०२३/०२/१४ | ४३८००० |
| ३ | २/०७७-०७८ | राष्ट्रियमाध्यमिक विद्यालय चुनियाँपानी | एचवि पि कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा लि | २०७७/१२/०२ | २०७८-०३-२५ | १४६०००० | २०२१/०७/०६ | ७३९००० |
| ४ | ९/०७७-०७८ | १५शैया अस्पताल भवन निर्माण | खडका/वली/ शुभआशीर्वादजे भी | २०७८/०३/१५ | २०८०-०३-२५ | २६०००००० | २०२३/०४/१३ | २५६०००० |
| ५ | ४/०७८-७९ | खाँडदेवीमाध्यमिक विद्यालय चौरेशा | ज्वालानिर्माण सेवा | २०७८/०९/२२ | २०८०-०३-३२ | ११००००० | २०२३/०४/१३ | ९१५००० |
| **जम्मा** | | | | | | | | **२८२७६००** |

| पेश्की | २,८२,७६,००० |
|---|---|

४० **मध्यकालीन खर्च संरचना**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारले दफा १६ बमोजिमको सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । मध्यकालीन खर्च संरचना आवाधिक योजना र बार्षिक बजेटबिच तादम्यता मिलाउने वित्तिय औजारको रुपमा रहेको हुन्छ । जसको आधारमा योजनालाई बजेटमा आबद्ध गरि कार्यन्वयन गरिन्छ । पालिकाले यस वर्ष ए एण्ड ए कन्सल्टेन्सी प्रा.ली.सँग सम्झौता गरी मध्यकालीन खर्च संरचना निर्माणकोलागि भौचर नं. ०६ मिति २०८०/०३/१५ मा रु.२,९९,५६३/- खर्च लेखेको छ । सो परामर्शदाताले उक्त मध्यकालीन खर्च संरचना २०८०/८१-२०८२/०८३ मिति २०८०/०३/१५ पेश गरेको देखिन्छ । पालिकाले २०८१/०८२ को लागि बजेट २०८० आषाढ १० मा पेश गरेको अवस्थामा सो मध्यकालीन संरचनाको प्राथमीकरण आर्थिक वर्ष २०८१/०८२ को बजेटमा समावेश हुने अवस्था देखिदैन । तसर्थ पालिकाले मध्यकालीन खर्च संरचना बजेट निर्माण गर्नु अगावै तयार गरी सोही आधारमा बजेट निर्माण गर्नुपर्दछ । बजेट निर्माण प्रश्चात मध्यकालीन खर्च संरचना निर्माण भएकोले सो खर्चको उपादेयता प्राप्त हुने नदेखिएकोले अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९९,५६३ |

४१ **जिल्ला भित्र भ्रमण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **लेखा श्रेष्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा ऐनको दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्नेछ तथा उपनियम २ बमोजिम भुक्तानी वा पेश्की फर्स्यौटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजात खर्च गर्ने व्यक्तिले तयार गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फर्स्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यवस्था छ । पेश्की दिदाँ तथा फर्स्यौट गर्दा आवश्यक कागजात संलग्न नगरी भुक्तानी तथा पेश्की दिएको छ। गोश्वरा भौचर तयार गर्दा सम्बन्धि कागजात गोश्वरा भौचरसंग सिलसिलेबार रुपमा राखेको देखिदैन जुन लेखाको सिद्धान्त प्रतिकुल देखिन्छ। खर्चको तेरिज नबनाई अव्यवस्थित रुपमा कागजात राखेको हुँदा त्यसमा लाग्ने कर लगाएतका जोडजम्मा एकिन गर्न कठिनाई उत्पन्न हुने गरी अभिलेख राखेको छ। तोकिएको ढाचाँमा अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाई अभिलेख प्रणालीलाई व्यवस्थित बनाउनुपर्दछ।

४३ **वितरणमुखी कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष देहाय बमोजिमको संस्थालाई भुक्तानी गरेको अनुदान अनुत्पादक, वितरणमुखी तथा प्रतिफल दिन नसक्ने कार्यमा खर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचरनं./मिति | विवरण | रकम |
|---|---|---|
| ६६-०८०/०६/०७ | वडा नं. १० तिज विशेष कार्यक्रम | १००००० |
| ६८-०८०/०६/०७ | वडा नं. ५ तिज विशेष कार्यक्रम | ३०००० |
| १८३-०८०/०७/०१ | वडा नं. ८ तिज विशेष कार्यक्रम | २७९१० |
| २८३-०८०/०८/१४ | वडा नं. ९ तिज विशेष कार्यक्रम | २१०००० |
| ८४०-०८१/०२/२४ | तिज विशेष कार्यक्रम | १०००० |
| ४३३-०८०/०९/२९ | आमा समुहलाई अण्डा वितरण | ५०००० |
| ३३३-०८०/०९/०२ | बलाङ्केट,गम्छा वितरण | ५०००० |
| ३४८-०८०/०९/०५ | बलाङ्केट वितरण | ५०००० |
| ७७८-०८१/०१/२० | वडा नंम्बर ७ मा अण्डा वितरण | ४९५१७ |
| ७९९-०८१/०१/२५ | वडा नं. १० मा धोती वितरण | १००००० |
| ८९१-०८१/०३/०७ | अण्डा वितरण | ५०००० |
| ९८८-०८१/०३/०७ | शर्ट, पाइन्ट वितरण | १४०००० |
| १०३७-०८१/०३/३१ | वडा नम्बर २ मा छाता, झुल वितरण | १००००० |
| ८५३-०८१/०२/२९ | नेपाल आदिवासी जनजाती महासंघ | ५०००० |
| २७३-०८०/०७/२१ | प्रदेश अस्पताल व्यवस्थापन समिति | २००००० |
| ९८०-०८१/०३/२० | साना किसान संस्था सस्था, साटाखानी | ८००००० |
| ६२१-०८०/१२/०८ | अपाङ्गलाई कुखुरा चल्ला वितरण | ५०००० |
| ७३२-०८०/१२/३० | दलित उत्थान अर्न्तगत बाख्रा वितरण | ८७८२९ |

४४ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **६,६१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **तालिम कार्यक्रम सञ्चालन**

तालिम, गोष्ठी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय पालिकाले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने

गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ । कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

४६ **भिडियो डकुमेन्ट्री**

सार्वजनिक खर्चलाई मितव्ययि तथा प्रभावकारि बनाउने सम्बन्धी मापदण्ड,२०७८ अनुसार सरकारी खर्चको मितव्ययी र उपलब्धिपुर्ण तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वरा भौचर ८६८ मिति २०८१/०३/०२ बाट न्यायीक समिति भिडियो प्रोफाइल निर्माणको लागि युथ मिडया हवलाई रु.५०,०००/- खर्च लेखेको छ। जसमा पालिकाले आफ्नो प्रतिलिपि अधिकारी लिनुपर्दछ । पालिकाले स्पष्ट विषयवस्तु तयार पारी सो विषयको सम्वन्धमा डकुमेन्ट्री तयार गर्ने भएमा सोको उद्देश्य अनुरुप प्रतिलिपि अधिकार लिइ आफ्नो वेभसाइटमा राख्नुपर्दछ ।

४७ **वडा तथा शाखागत खर्च**

पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा विभिन्न शाखामा शाखागत बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी शाखामा दाखिला गरेको छ । यसरी शाखागत बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४८ **कारोबारको लेखा**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(१) बमोजिम गाउँपालिका तथा नगरपालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण तोकिए बमोजिम हुने तथा उप-दफा २ मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा रान्नु पर्ने व्यवस्था छ । जसको लागि कार्यन्वयन गर्न एकिकृत आर्थिक संकेत तथा वर्गिकरण कार्यविधि, २०७४ लागु भएको छ । पालिकाले सो कार्यविधि आंशिक रुपमा पालना गरेको देखिन्छ । पालिकाले अधिकांश खर्च शिर्षकहरु तोडमोड् गरी निर्माण गर्नुको साथै कार्यविधि बमोजिम निर्माण भएको शिर्षकबाट सोको व्याख्यामा नपरेको शिर्षकमा खर्च गरेको देखिन्छ । कानून विपरित एक शिर्षकबाट अर्को शिर्षकमा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.नं./मिति | विवरण | खर्च भएको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १००९-०८०/०३/२३ | भ्रमण खर्च भुक्तानी | फिल्ड भत्ता (२११३३) | भ्रमण खर्च (२२६१२) | ३२३००० |

४९ **इन्टरनेट महशुल भुक्तानी**

पालिका र टेकमाईड नेटवर्क प्रा.लि.बिच आर्थिक वर्ष २०८८०/८१ मा पालिका र अर्न्तगतका १३ वटा संस्थामा इन्टरनेट सञ्चालनको भ्याट सहित रु.१,७७,६००/- मा सम्झौता भएको छ । सो सम्झौतामा एस.एम.ई. ५० एम.बि.पि.एस. प्याकेज अर्न्गत ७ स्थानको मासिक रु.१,३००/- भ्याट सहित सम्झौता भएको छ । ७ प्याकेजको भ्याट सहित मासिक रु.१,३००/- का दरले वार्षिक रु.१,०९,२००/- हुनुपर्नेमा उक्त इन्टरनेट कम्पनिले रु.१,९७,०४०/- को विजक जारी गरेको आधारमा पालिकाले भुक्तानी गरेको बढी रु.८७,८४०/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८७,८४० |

५० **शिक्षक तालिम**

पालिकाको वडा नं. ५ को आयोजनामा मिति २०८०/०९/१३ देखि २०८०/०९/१९ सम्म भौचर ८८७/२०८१/०३/०५ बाट English For Teacher तालिम कार्यक्रममा रु.२,५०,०००/- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न बमोजिम रहेका छन :

५०.१ **अनुगमन भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,९१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१,९१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५०.२ **संयोजक तथा सहयोगि भत्ताः** कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ (सि.न.७ र ८) बमोजिम अधिकतम १५ कार्यदिन सम्म संयोजक भत्ता प्रतिदिन रु.४००/- का दरले र सहयोगि भत्ता रु.२००/- का दरले भुक्तानी गर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न व्यक्तिलाई English For Teacher तालिम कार्यक्रमको लागि संयोजक भत्ता प्रतिदिन रु.१,०००/- का दरले र सहयोगि भत्ता रु.५००/- का दरले भुक्तानी गरेको छ । निम्नानुसार व्यक्तिलाई बढी भुक्तानी गरेको रु.६,३००/- असुल गर्नुपर्ने रु.

| **पद** | **कर्मचारी** | **दिन** | **बढी भुक्तानी दर** | **जम्मा** | **खुद भुक्तानी** |
|---|---|---|---|---|---|
| संयोजक | नारायण दाहाल | ७ | ६०० | ४२०० | |
| सहयोगि | मुन बहादुर रावत | ७ | ३०० | २१०० | |
| | **जम्मा** | | | **६३००** | |

| असुल गर्नुपर्ने | ६,३०० |
|---|---|

५०.३ **प्रशिक्षक पारिश्रमिकः** कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.१५(सि.न.४) बमोजिम तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको नगरपालिकास्तरमा पारिश्रमिक कार्यपत्र वापत रु.१,०००/- र कक्षा सञ्चालन वापत रु.६००/- गरी जम्मा रु.१,६००/- प्रतिशेसन पारिश्रमिक भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले English For Teacher तालिम कार्यक्रमको लागि प्रशिक्षकलाई प्रतिशेसन रु.२,०००/- भुक्तानी गरेको छ । निर्देशिका उल्लेखित दरभन्दा निम्न प्रशिक्षकलाई रु.४००/- का दरले भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| प्रशिक्षक | शेसन | बढी भुक्तानी दर | जम्मा | खुद भुक्तानी |
|---|---|---|---|---|
| उमाकान्त दाहाल | १४ | ४०० | ५६०० | ४७६० |
| क्षेत्र तिमिलसेना | १४ | ४०० | ५६०० | ४७६० |
| | | **जम्मा** | **१३२००** | **९५२०** |

| असुल गर्नुपर्ने | ९,५२० |
|---|---|

५१ **लैङ्गिक हिंसा न्युनिकरण**

पालिकाको मिति २०८१/०२/१४ देखि २०८१/०२/१६ सम्म भौचर ९७० मिति २०८१/०३/१९ बाट लैङ्गिक हिंसा न्युनिकरण सम्बन्धी अभिमुखिकरण तथा कोष स्थापना कार्यक्रममा रु.१,३९,०००/- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न बमोजिम रहेका छन ।

५१.१ **प्रशिक्षक पारिश्रमिकः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,७८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५१.२ **संयोजक तथा सहयोगि भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५२ **सिपविकास तथा व्यवसाय विकास तालिम**

**जिन्सी दाखिलाः** गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन सञ्चालन निर्देशिका, २०७७ को दफा ३९(४) मा शाखाले उपदफा (२) बमोजिम बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरु सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनु पर्ने तथा त्यसरी पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयलाई बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले भौचर १०३८/२०८१/०३/३१ बाट सिपविकास तथा व्यवसायमुलक ७ दिने तालिम रु.४,४२,२५०/- मा संचालन गरेको मा कार्यक्रममा उत्पादित सामाग्रि निर्देशिका बमोजिम व्यवस्थापन गर्नुपर्नेमा सो गरेको छैन । तसर्थ उत्पादिन सामग्री मुल्य कायम गरी जिन्सी दाखिला गर्नुपर्दछ ।

५३ **उपचार खर्च**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६६ बमोजिम स्थानीय निकायका कार्मचारीले सेवा अवधिभर अधिकृत स्तरका कर्मचारी भर बाह्र महिना बराबर र सहायक स्तरका कर्मचारी भए अठार महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत पाउने व्यवस्था रहेको छ । कार्यालय सहयोगि रामसिंह चुनाराले मिति २०६४ पौष १ गते नियुक्त भई अनियवार्य अवकास हुने मिति २०७९ भाद्र ४ गतेसम्म १४ वर्ष ८ महिना ३ दिनसम्म सेवा गरेको देखिन्छ । पालिकाले राम सिंह चुनारालाई उपचार खर्च भुक्तानी गर्दा सेवा १८ महिनाको रु.५,००,७६०/- भुक्तानी गरेको छ । सेवा अवधि बीस वर्ष भन्दा कमको भएमा बीस वर्षको अवधिलाई पुरा अवधि मानी त्यसको अनुपातमा १३.२ महिनाको भुक्तानी गर्नुपर्नेमा पालिकाले १८ महिनाको भुक्तानी गरेकोले ४.८ महिनाको बढी महिना भुक्तानी भएको रु.१,३३,५३६/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३३,५३६ |

५४ **नगरसभा र नगरकार्यपालिका**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ५५ न्यायिक समिति

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७७ दफा ११(२) को तर मा गाउँ तथा नगरपालिकाका न्यायिक समितिको हकमा त्यस्ता समितिका सदस्यहरुले प्रतिमहिना बढीमा दुईवटा बैठकको लागि प्रतिवैठक पाँचसय रुपैयाँका दरले इजलास भत्ता पाउने व्यवस्था छ। भौचर २२९/२०८०/०७/१६ बाट इजलास भत्ता वापत रु.१६,५००/- भुक्तानी भएको छ । पालिकाको न्यायिक समितिको वैठकमा एकै महिनामा ४ वटा सम्मको इजलास भत्ता वितरण गरेको छ । न्यायिक समिति ३ सदस्यीय हुनेमा १० जना सम्म आमन्त्रित सदस्य राखेको देखिन्छ । पालिकाले ऐनमा उल्लेखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

### ५६ घर बिदा तथा संञ्चित बिदा

घरेलु तथा साना उद्योग विकास समिति सेवा शर्त नियमावली, २०५५ को बमोजिम घर बिदा र औषधि उपचार वापतको सुविधा भुक्तानी गर्न सक्ने व्यवस्था छ । पालिकाले विद्युतिय हाजिर र ढड्डा हारिजमा कर्मचारीको उपस्थित अभिलेख राखेको छ । पालिकाले २ जना कर्मचारीलाई भौचर ९१४/२०८१/०३/१५ बाट रु.१,७५,९७६/- सुविधा भुक्तानी गरेको छ । पालिकाले पेश गरेको विवरण अनुसार ढड्डा हाजिरमा घर बिदा नलिएको देखिन्छ त्यस्तै विद्युतिय हाजिरमा कुनै पनि घर बिदा बाँकी नरहेको अभिलेख देखिन्छ । जसको कारण वास्तविक घर बिदा लिए/नलिएको एकिन गर्न सकिने अवस्था देखिदैन । विद्युतिय हाजिरलाई पुण रुपमा व्यवस्थित गरी बाँकी बिदाको आधारमा मात्र सुविधा उपलब्ध गराउनुपर्दछ ।

### ५७ कम्प्युटर तालिम

पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा १५ जना विद्यार्थीलाई कम्प्युटर तालिम सञ्चालनको लागि एस एण्ड के कम्प्युटर एजुकेशन सेन्टर.सँग सम्झौता गरी भौचर ८३३ मिति २०८१/०२/२६ बाट रु.१ लाख खर्च लेखेको छ । जस सम्बन्धमा देखिएका व्यहोराहरु

निम्न बमोजिम रहेका छन ।

५७.१ **पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम बैठक भत्ता, पटके रुपमा परिएको अध्यायन गराएवापत लगाएतको भुक्तानीमा १५ प्रतिशत कर कट्टी हुने व्यवस्था रहेको छ । पालिकाले कम्प्युटर तालिमको लागि एस एण्ड के कम्प्युटर एजुकेशन सेन्टरले जारी गरेको प्यान बिलमा रकम भुक्तानी गर्दा १.५ प्रतिशत कर कट्टी भुक्तानी गरेकोले नपुग १३.५ प्रतशतले हुन आउने रु.१३,५००/- कर असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,५०० |

५७.२ **प्रशिक्षार्थि छनोटको आधारः** कम्प्युटर तालिम सञ्चालनको लागि पालिकाले कार्यविधि निर्माण गरेको छैन । कम्प्युटर तालिममा प्रशिक्षार्थि छनोटको मापदण्ड निर्धारण नभएकोले छनोटको आधार पारदर्शी देखिदैन । कम्प्युटर तालिम लिने १५ सहभागीलाई कुन दिन कुन विषयमा कक्षा सञ्चालन भएको हो सो तालिका उल्लेख गरेको छैन । तसर्थ स्रोत साधनको उच्चतम प्रतिफल प्राप्त हुने गरी वञ्चितिकरणमा रहेका जनशक्तिलाई छनौटको सूचक र आधार तय गरी कार्यक्रम सञ्चालन तथा प्रशिक्षार्थिलाई प्रमाणपत्र प्रदान गर्नुपर्दछ ।

५८ **तालिम कार्यक्रममा सहभागि भत्ता**

कार्यसञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा प्रशिक्षार्थि छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्ने व्यवस्था छ तर सहभागीलाई सहभागी भत्ता दिने गरी स्वीकृत भएकोमा रु.७००/- का दरले भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तालिम कार्यक्रममा सहभागिलाई दैनिक रु.१,०००/- का दरले भुक्तानी गरेको छ ।तालिम/गोष्ठि तथा सेमिनार सञ्चालन गर्दा निर्देशिकामा उल्लेखित दरमा मात्र सहभागि भत्ता भुक्तानी गर्नुपर्दछ ।

५९ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । कार्यसम्पादनमा आधारित उत्प्रेरणा जगाउन अतिरिक्त समय काम गरे वापत पालिकाको (प्रोत्साहन भत्ता) सम्बन्धि कार्यविधि, २०७९ दफा ९ र १० बमोजिम भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले नगरसभाको २०८०/१०/०२ को बैठकले केही कर्मचारीलाई अतिरिक्त समय काम गरे वापत मासिक प्रोत्साहन भत्ता भुक्तानी गर्ने निर्णय गरे बमोजिम प्रोत्साहन भत्ता र कार्यविधि बमोजिम अतिरिक्त समय कार्य गरेको जनाई गरी जम्मा रु.१९,५८,३६६/८७ खर्च लेखेको छ । तर पालिकाको विद्युतिय हाजिर पुर्ण रुपमा लागु भएको देखिदैन जसको कारण कर्मचारीहरुलाई अतिरिक्त समय कार्य गरे/नगरेको सम्बन्धमा एकिन हुने अवस्था देखिदैन । निर्देशिकाले तोके बमोजिम विद्युतीय हाजिरीका आधारमा अतिरिक्त समय काम गरेको अभिलेख राखी प्रोत्साहन भत्ता भक्तानी गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ। कार्यविधिको दर र नगरसभाले स्वीकृत गरेको दर फरक रहेको अवस्थामा पालिकाले अतिरिक्त समय काम गरे वापतको भत्ता भुक्तानी गर्दा कार्यविधि र नगरसभाको निर्णय दुवैलाई आधार लिई भुक्तानी गरेको देखिन्छ ।कार्यविधि बनाइ सकेको अवस्थामा नगरसभाले फरक दर अनुमोदन गरी प्रोत्साहन भत्ता निर्धारण गर्नु उचित देखिएन । कार्य सम्पादनका आधारमा उपलब्ध गराइने प्रोत्साहन भत्ता भुक्तानीलाई वस्तुनिष्ठ, उपलब्धिमुलक र उत्प्रेरणायुक्त बनाउन एउटै मापदण्ड निर्धारण गरी आवश्यक कार्यसम्पादन सुचकका आधारमा भुक्तानी गर्ने व्यवस्था गरिनु पर्दछ ।

६० **प्राविधिक नापी नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१८५,८६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोझिम वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन।यो वर्ष देहायअनुसारका नाफामूलक सहकारी संस्थालाई निम्नानुसार कार्यका लागि रकम भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| **भौ.नं.रमिति** | **कार्यक्रम गर्ने संस्थाको नाम** | **भुक्तानी रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| ११७/२०८०/११/१४ | साना किसान सहकारी संस्था, साटाखानी | १५५००० | व्यवसायप्रवर्द्धन कार्यक्रम |
| १७५/२०८१/०२/०६ | अट्टुट मिलन महिला सहकारी | १४१९४३ | सहकारीपर्खाल निर्माण |
| **जम्मा** | | **२९६९४३** | |

| अनियमित भएको | २,९६,९४३ |
|---|---|

६२ **स्वास्थ्य बिमा**

स्वास्थ्य बिमा नियमावली,२०७५ को नियम १८ मा सेवा प्रवाह गर्न चाहने प्रचलित कानुन बमोजिम स्थापना भएका स्वास्थ्य संस्थाले सूचिकरणको लागि बिमा बोर्ड समक्ष अनुसूचि ७ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने तथा नियम १९ मा प्राप्त निवेदन उपर बोर्डले आवश्यक छानविन तथा सम्बन्धित स्वास्थ्य संस्थाको स्थालगत निरीक्षण गरी उपयुक्त ठानेमा सम्बन्धित निवेदक स्वास्थ्य संस्थासंग अनुसूचि ८ बमोजिमको ढाँचामा सम्झौता गरी सेवा प्रदायको रुपमा सूचिकरण गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम २६(१) मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बिमा सम्बन्धी कार्यक्रम कार्यान्वियन गर्न सहजिकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति रहने व्यवस्था छ । पालिकाले स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धी कार्यविधि निर्माण नगरी वडा नं. १, ३, ४, ५, ६, ७ का केही घर परिवारको गो.भौ.नं. २ मिति २०८०/०४/२८, गो.भौ.नं. ९ मिति २०८०/०४/२८ र गो.भौ.नं. ४०७ मिति २०२८०/०९/१९ बाट कुल रु.१४,६२,४००/- स्वास्थ्य बिमा बोर्डलाई खर्च लेखेको पाईयो । पालिकाले आवश्यक कार्यविधि निर्माण नगरी विभिन्न वडाका केही घर परिवारको बिमा प्रिमियम बिमा बोर्डलाई भुक्तानी गरेकोले नियसम्मत मान्न नसकिएको रु.

| अनियमित भएको | १४,६२,४०० |
|---|---|

६३ **पेश्की रकमको विवरण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

६४ **खरिद सम्झौताको म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको

जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । आर्थिक वर्ष २०७९/८० मा खरिद कारवाही गरी यस वर्ष सम्पन्न भएका सबैजसो निर्माण कार्यको खरिद सम्झौताको म्याद थप गर्दा खरिद नियमावलीमा भएको प्रकृया अवलम्बन नगरी निर्माण व्यवसायीलाई म्याद थप गरेको पत्रमात्र पठाएको देखिन्छ । खरिद सम्झौताको म्याद थप गर्दा खरिद नियमावलीको प्रकृया अबलम्बन गरी नियमानुसार म्याद थपको निर्णय गरेर मात्र खरिद सम्झौताको म्याद थप गरिनु पर्दछ ।

६५ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१०,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६६ **नगरपालिका प्रशासकीय भवन (ठेक्का नं. ०४/०७७/७८)**

शुरुमा २०७९ बैशाख मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी एशोसयट/जयभवानी/रञ्जितकारसँग मिति २०७८/१/२ मा मू अ कर समेत रु. ४,०५,१५,४१९/- को खरिद सम्झौता भएकोमा प्रथम पटक २०८० असार मसान्तसम्म र दोश्रो पटक २०८० पौष मसान्तसम्म म्याद थप भएको यस निर्माण कार्यका लागी हालसम्म मू अ कर समेत रु. २,७८,२०,२७७/- भुक्तानी भएको छ । उक्त निर्माण कार्य सम्बन्धी श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

६६.१ **नन्फाइलर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्नेव्यवस्था छ । अर्थ मन्त्रालयको मिति २०७७/८/२४ को सचिव स्तरिय निर्णय अनुसार आय कर ऐन, २०५८ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सो मातहतका आर्थिक कारोबार सञ्चालन गर्ने निकायहरुले व्यवसायीक फर्म तथा अन्य निकायहरुलाई रकम भुक्तानी गर्दा आन्तरिक राजस्व विभागको वेभसाइटमा उपलब्ध PAN Search को माध्यमबाट त्यस्ता व्यवसायीक फर्म वा निकायहरुले १ आर्थिक वर्ष भन्दा बढी अवधिको विवरण पेश गर्न बाँकी नरहेको र मूल्य अभिबृद्धि करतर्फ मासिक विवरण दिने भए ६ वटा विवरण, द्वैमासिक विवरण दिने भए ३ वटा र चौमासिक विवरण दिने भए २ वटा विवरण भन्दा बढी विवरण पेश गर्न बाँकी नरहेको सुनिश्चित गरेर मात्र भुक्तानीको प्रक्रिया अगाडी बढाउने उल्लेख छ । निर्माण व्यवसायी एशोसयट/जयभवानी/रञ्जितकार जे.भी. को पान नं.६१५७९७८४१ आन्तरिक राजस्व बिभागको वेभसाइटमा PAN search गर्दा मूल्य अभिबृद्धि कर तर्फ २०८० को पहिलो त्रैमासिक देखी र आयकर तर्फ २०७०/८० र २०८०/८१ मा कर विवरण पेश नगरी नन्फाइलर रहेको देखिन्छ । कानूनी व्यवस्था अनुसार आयकर तथा मूल्य अभिबृद्धि कर विवरण नबुझाएकोले यस वर्ष तेश्रो देखी पाँचौ रनिङ्ग विल सम्म जम्मा रु.१,६५,९४,०३३/- भुक्तानी गर्दा भुक्तानी भएको मू.अ. कर रु.१९,०९,०४६/- समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौ.नं. र मिति | रनिङ्ग बिल | भुक्तानी रकम | मूल्य अभिबृद्धि रकम |
|---|---|---|---|
| ७०/०८०/०७/०२ | तेश्रो | १०४१५८७७ | ११९८२८६ |
| १०९/०८०/१०/२९ | चौथो | ३४४५७०५ | ३९६४०८ |
| २०७/०८१/०२/१४ | पाँचौ | २७३२४५१ | ३१४३५२ |
| **जम्मा** | | **१६५९४०३३** | **१९०९०४६** |

| प्रमाण पेश नगरेको | १९,०९,०४६ |
|---|---|

६६.२ **पूर्व निर्धारित क्षतिपुर्ती :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यका निर्माण व्यवसायीले दोश्रो पटक २०८० पौष मसान्तसम्म थप गरेको म्याद समाप्त भएको

अवधिले २०८१ असार मसान्तसम्म ६ महिना म्याद गुज्रीदा समेत ६७ प्रतिशतमात्र काम गरेको देखिन्छ । सम्झौतामा तोकिएको म्यादमा सम्झौता बमोजिमको काम सम्पन्न हुन नसकेका कारण प्रतिदिन सम्झौता रकम रु. ३,५७,७९,१३२/- (मूअकर बाहेक) को ०.०५ प्रतिशतले हुने रु. १७,८८९/- नियमानुसार १८० दिनको हुन आउने पूर्व निर्धारित क्षतिपुर्ति रकम रु. ३२,२०,०२०/- निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,२०,०२० |

६६.३ **पेश्की जमानतको म्याद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम निर्माण व्यवसायीलाई पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी मान्य अवधि भएको बैंक जमानत दिएर मात्र पेश्की दिनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यका निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानत को म्याद २०२३ अप्रिल ४ मा समाप्त भैसकेकोमा निर्माण व्यवसायीका नाममा रहेको पेश्की रु. ३०,००,०००/- हालसम्म फर्छयौट नगरी बाँकी रहेको देखियो। पेश्की जमानतको म्याद समाप्त हुँदासम्म पेश्की फर्छयौट नभएको हुँदा पेश्की रकम जोखिममा रहेकोले बैंक जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त पेश्की रकम असुल फर्छयौट हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००,००० |

६६.४ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।यस निर्माण कार्यको पाँचौं बिलसम्म रु. २,७१,६२,८६९/- को प्राविधिक बिल तयार भएकोमा कार्यालयबाट देहाय अनुसार रु. २,७८,२०,२७७/- भुक्तानी भएको देखिन्छ । प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादन भन्दा रु. ६,५७,४०८/- बढी भुक्तानी भएको देखिन्छ । नापी किताबमा उल्लेखित रकम र भुक्तानी भएको रकम एकिन गरी बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| **गोश्वारा भौचर अनुसार खर्च लेखेको रकम** | | | **पेश्की फर्छ्यौट** | |
|---|---|---|---|---|
| **भौ. नं. र मिति** | **बिल** | **बिल रकम** | **विवरण** | **रकम** |
| ६०/०७९/९/२९ | प्रथम | ७४९५३९९ | पेश्की फर्छ्यौट | १०००००० |
| ३३१/०८०/२/२२ | दोश्रो | ३६७५८४५ | पेश्की फर्छ्यौट | १०००००० |
| ६९/०८०/७/२ | तेश्रो | १०००००० | पेश्की फर्छ्यौट | १०००००० |
| ७०/०८०/७/२ | तेश्रो | ९४१५८७७ | | |
| ७१/०८०/७/२ | तेश्रो | ५५००० | पिएस वापतको रकम | |
| १०९/०८०/१०/२९ | चौथो | ३४४५७०५ | पेश्की फर्छ्यौट | १५००००० |
| २०७/०८१/२/१४ | पाँचौ | २७३२४५१ | पेश्की फर्छ्यौट | ५००००० |
| **जम्मा** | | **२७८२०२७७** | **जम्मा** | **५००००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५७,४०८ |

६७ **भुतचोक साटाफाटा देवीडाँडा तिमसारकोट सडक (ठेक्का नं. ०१/०८०/८१)**

२०८० चैत्र मसान्तसम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी गणेश निर्माण सेवासँग मिति २०८०/१०/७ मा मू अ कर बाहेक रु. ५७,७५,६१०/- को खरिद सम्झौता भएकोमा हालसम्म मू अ कर समेत रु. ६४,४८,३२३/- भुक्तानी भएको छ । उक्त निर्माण कार्य सम्बन्धी श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

६७.१ **पूर्व निर्धारित क्षतिपुर्ती :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२१३,६३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७.२ **बिल भरपाई :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। त्यसैगरी प्रोभिजन सम वापतको रकम भुक्तानी गर्दा वास्तविक खर्चको आधारमा भुक्तानी गर्नु पर्दछ ।यस निर्माण कार्यको वि ओ क्यूमा निर्माण कार्यको गुणस्तर परीक्षण वापत रु. १०,०००/- राखेकोमा निर्माण व्यवसायीले निर्माण सामग्री परीक्षण वापत रु. ८३१/- प्रयोगशाला परीक्षण शुल्क तिरेको रसिद पेश गरी रु. १०,०००/- पूरै भुक्तानी लिएको देखियो । प्रोभिजनल सम वापतको रकम भुक्तानी दिँदा बिल बमोजिमको रकम भुक्तानी दिनु पर्नेमा बिल भन्दा बढी भुक्तानी दिएको रकम रु. ९,१६९/- सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१६९ |

६८ **प्रोभिजनल सम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१०,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१८,४६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१६,८२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२५,२९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६९ **मूल्य अभिवृद्धि कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **४३३,८३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७० **खरिद सम्झौताको अन्त्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरिने व्यवस्था छ । ठेक्का नं. १०/०८०/८१ वडा नं.५ नेटा देखी धनेरी सम्मको बाटो निर्माणका लागी सिलबन्दी दरभाउपत्रको माध्यमबाट निर्माण व्यवसायी भूमी निर्माण सेवासँग २०८१/२/२५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी २०८०/१२/१८ मा रु. ९,३९,९२८/- को खरिद सम्झौता भएकोमा सम्झौता अवधिसम्म निर्माण

व्यवसायीले कुनै कार्य नगरेका कारण पालिकाले २०८१/२/२१ मा निर्माण कार्य नगर्नाको कारण सहित उपस्थित हुन ताकेता गरेता पनि लेखापरीक्षण अवधिसम्म उक्त निर्माण कार्य शुरु गरेको देखिएन । खरिद सम्झौता बमोजिमको कार्य हालसम्म शुरु नै नगरी अलपत्र छोडनेको हुँदा निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत वापतको रु. ६,४७,०००/- जफत गरी कानूनको प्रावधान बमोजिम खरिद सम्झौताको कार्यान्वयन हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४७,००० |

७१ **बिल भरपाई**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,१७६,६९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२ **पूँजिगत शिर्षकबाट चालु प्रकृतिको कार्य**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरण भित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर पालिकाले पूँजीगत शीर्षकबाट चालुप्रकृतिको खर्च गरेको देखियो। पूँजीगत शीर्षकमा चालु प्रकृतिको वजेट खर्च गरेको कानुनी प्रावधान विपरित रहेकोले अनियमित रु.

| **क्र.सं.** | **भौचरनं./मिति** | **खर्चभएको शिर्षक** | **कार्यक्रमतथा विवरण** | **रकम** |
|---|---|---|---|---|
| १ | १५-२०८०।०४।२८ | ३११३१ | पशुसेवाखरिद | ९९९३५ |
| २ | ६१-२०८०।०७।०१ | ३११२३ | कार्यालयव्यवस्थापन तथा मसलन्द सामग्री | ५९९८० |
| ३ | ७५-२०८०।०७।२३ | ३११२३ | कार्यालयव्यवस्थापन तथा मसलन्द सामग्री | ११३६०३ |
| ४ | ७७-२०८०।०७।२७ | ३११२३ | कार्यालयव्यवस्थापन तथा मसलन्द सामग्री | ३८०२० |
| ५ | ८५-२०८०।०९।२८ | ३११३१ | कृषिविषादी खरिद | ३०१०० |
| ६ | ११२-२०८०।११।०६ | ३११३१ | आकस्मिकबाली संरक्षण | ३०००० |
| ७ | १२४-२०८०।११।२६ | ३११२२ | ज्येष्ठनागरिकलाई अन्तर्क्रिया कार्यक्रम | ५०००० |
| ८ | २४६-२०८१।०३।१४ | ३११३१ | आकस्मिकबाली संरक्षण | ५९९०० |
| ९ | ३२०-२०८१।०३।२३ | ३१११३ | गाउँघरक्लिनिक संचालन | ९४९२० |
| **जम्मा** | | | | **५७६४५८** |

| | |
|---|---|
| अनियमित भएको | ५,७६,४५८ |

७३ **पाईप खरिद**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **४९९,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७४ **कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने व्यवस्था छ।बनकुना ट्रस पुल निर्माण उपभोक्ता समिति, लेकबेसी-१०, लाई भौचर नं २३/२०८०/०४/२९ बाट रु.१७,४६,५०७।– भुक्तानी भएको छ। उक्त उपभोक्ता समितिको प्राविधिक नापी किताबको सि. नं २३४ मा बिमा बापतको रु. १८,०२०।– को उल्लेख गरी भुक्तानी भएकोमा बिमा कम्पनीको बिमा गरेको विजक समावेश छैन।अत: बिमा नगराई भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,०२० |

७५ **खाँडादेवी मा वि भवन निर्माण (ठेक्का नं. ६/०७९/८०)**

२०८१ असार ३१ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी बडीमालिका कन्स्ट्रक्सनसँग मिति २०८०/१/२४ मा रु. १,३९,८३,९५२/- को खरिद सम्झौता भएकोमा यसवर्ष रु. ७७,५२,६४९/- समेत हालसम्म रु. ८५,६९,१५३/- भुक्तानी भएको छ । उक्त निर्माण कार्य सम्बन्धी श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

७५.१ **पेश्की जमानतको म्याद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम निर्माण व्यवसायीलाई पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी खरिद संझौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी मान्य अवधि भएको बैंक जमानत लिएर मात्र पेश्की दिनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यका निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानत को म्याद २०२४ सेप्टेम्बर १७ मा समाप्त भैसकेकोमा निर्माण व्यवसायीका नाममा रहेको पेश्की रु. १६०००००/- हालसम्म फर्छयौट नगरी बाँकी रहेको देखियो। पेश्की जमानतको म्याद समाप्त हुँदासम्म पेश्की फर्छयौट नभएको हुँदा पेश्की रकम जोखिममा रहेकोले बैंक जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त पेश्की रकम असुल फर्छयौट हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००,००० |

७५.२ **अधुरो निर्माण कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगती नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसकै बखत अन्त्य गर्न सक्ने व्यवस्था छ । त्यसैगरी उपदफा ८ मा यसरी सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने व्यवस्था छ । २०८१/३/३१ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा लेखापरीक्षण अवधिसम्म ६७ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको छ । पालिकाले निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको म्याद समेत थप नगरी निर्माण कार्य अधुरै रहेको देखिन्छ । खरिद सम्झौताको म्याद समाप्त हुँदासम्म म्याद थप नभएको र निर्माण कार्य समेत सम्पन्न नभएको हुँदा कानून बमोजिम खरिद कारवाही टुङ्गो लगाई निर्माण व्यवसायीले पेश गरेको कार्य सम्पादन जमानत वापतको रकम रु. १९०००००/- जफत हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,००,००० |

७६ **भुतचोक चन्द्रपुर सकड (ठेक्का नं. ७/०७९/८०):**

२०८१ असार ३१ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी एपेक्स इन्टेरियर एण्ड विल्डर्ससँग मिति २०८०/१/१७ मा मू. अ. कर बाहेक रु. ५०,८०,७६६/- को खरिद सम्झौता भएकोमा यसवर्ष रु. ७,९४,७४५/- समेत हालसम्म मू अ कर समेत रु. ५८,२२,४८६/- भुक्तानी भएको छ । उक्त निर्माण कार्य सम्बन्धी श्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन् :

७६.१ **बिमा :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। त्यसैगरी प्रोभिजन सम वापतको रकम भुक्तानी गर्दा वास्तविक खर्चको आधारमा भुक्तानी गर्नु पर्दछ । निर्माण व्यवसायीले २०२३/७/१० देखी २०२३/७/१६ (७दिन) सम्म मात्र मान्य अवधि भएको बिमा प्रिमियम पेश गरी बिमा वापत वि ओ क्यूमा समावेश भएको पूरै रकम रु. २०,०००/- भुक्तानी लिएको देखियो । सम्झौता बमोजिम ७४ दिनको बिमा गराउनु पर्नेमा ७ दिनको मात्र बिमा गराएको हुँदा ६७ दिनको बिमा वापतको रकम रु. १८,१०८/- असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १८,१०८ |
|---|---|

७६.२ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।यस निर्माण कार्यको अन्तिम बिलसम्म रु. ४९,७१,०९०/- को प्राविधिक बिल पेश भएकोमा कार्यालयले हालसम्म रु. ५८,२२,४८६/- भुक्तानी भएको गरेको देखियो । वास्तविक कार्य सम्पादन भन्दा बढी भुक्तानी भएको रु. ८,५१,३९६/- बढी भुक्तानी भएको देखियो । वास्तविक कार्य सम्पादन भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ८,५१,३९६ |
|---|---|

७७ **मिनिटिलर खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले विद्युतीय खरिद मार्फत् गतवर्ष १६७ वटा मिनिटिलर खरिद गरिएको र यसवर्ष १८७ मिनिटिलर खरिद कार्यमा रु. १,६८,७२,०३३ ।- भुक्तानी भएको छ।पालिकाले उक्त ३५४ वटा मिनिटिलरहरु वितरणको लागि लाभग्राही छनौटको कुनै आधार तय गरेको देखिँदैन।पालिकाको कृषि औजार वितरण कार्यविधि समेत बनाएको पाइएन।पालिकाले कतिपय मिनिटिलरहरु वडामार्फत् वितरण गरेको जनाएतापनि उक्त लाभग्राहीहरुको नामावली सूचनापाटी तथा वेवसाइटमा प्रकाशन समेत गरेको देखिएन। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी लाभग्राहीको सूचकको आधारमा छनौट गरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| **क्र.सं.** | **भौचरनं./मिति** | **मिनिटिलरखरिद संख्या** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | पालिका पूंजिगत २७/२०८०।०४।३२र विविध ५/२०८०/०५/२६ | १६७ | ४३४०१६७ | आर्थिक वर्ष २०७९/०८०मा खरिद |
| २ | पालिका पूंजिगत ३४५-२०८१।०३।२४, विविध २१/२०८१/६/१५र १०२/२०८१/०३/१५ | १८७ | ४०९५८५० | आर्थिक वर्ष २०८०/०८१मा खरिद |
| **जम्मा** | | **३५४** | **८४३६०१७** | |

७८ **डोजरको कार्यको प्राविधिक बिल र कार्य सम्पन्न नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **३१८,२५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७९ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । साथै उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको

हुनुपर्नेमा पालिकाबाट उपभोक्ता मार्फत सञ्चालन गरिएका निर्माण कार्यहरु प्राविधिक बिल र सोसँग संलग्न विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गर्ने गरेको देखिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

७९.१ **आइटम वाइज योगदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

७९.२ **निर्माण कार्यको गुणस्तर :** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस नगर पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने छैन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

७९.३ **प्राविधिक बिल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

७९.४ **उपभोक्ता समितिको बिल भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष नगरपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको नगरपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

८० **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पचीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।पालिकाले सिलबन्दी दरभाउ मार्फत रु.११,४९,४७१/- र सोझै खरिद मार्फत रु.२८,४०,३२४/-गरी जम्मा रु.३९,४०,३२४/- को औषधि खरिद गरेको छ। यसरी औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ ।उक्त व्यवस्थाबमोजिम औषधीको भण्डारण नगरेका कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउँदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको वार्षिक खरिद योजना निर्माण गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| **गो.भौ.नं./मिति** | **विवरण** | **आपूर्तिकर्ता** | **रकम** |
|---|---|---|---|
| **शिलबन्दी दरभाउपत्रबाट** | | | |
| ८७-०८०/११/१४ | औषधि खरिद | निहित फर्मास्युटिकल | ११४९४७१ |
| **जम्मा** | | | **११४९४७१** |
| **सोझै वार्ताबाट** | | | |
| २७६-०८१/०३/२४ | औषधि खरिद | झरना मेडिसिन सप्लायर्स | २३७५२९ |
| ६९०-०८०/१२/२१ | औषधि खरिद | प्रमोसन मेडिसिन डिष्ट्रीब्युटर्स | १९९८४० |
| ६९१-०८०/१२/२१ | औषधि खरिद | झरना मेडिसिन सप्लायर्स | ४९७८२ |
| ९१९-०८१/०३/१५ | औषधि खरिद | शान्ति आयुर्वेद भवन | ९९९९० |
| १०१४-०८१/०३/२३ | औषधि खरिद | प्रेममाया सर्जिकल एण्ड मेडिसिन सप्लायर्स | ९९८२०० |
| १०१७-०८१/०३/२४ | औषधि खरिद | झरना मेडिसिन सप्लायर्स | ४२७३७६ |
| ५३-२०८०/०६/०५ | औषधि खरिद | प्रेममाया सर्जिकल एण्ड मेडिसिन सप्लायर्स | ८७५७८ |
| | औषधि खरिद | रारा मेडिसिन एण्ड सर्जिकल डिस्ट्रिब्युटर्स प्रा.लि | ५६८९९ |
| १।२०८१-०३-१९ | औषधि खरिद | झरना मेडिसिन सप्लायर्स (१३८५७८८१३) | ६८३१३० |
| **जम्मा** | | | **२८४०३२४** |
| **कुल जम्मा** | | | **३९८९७९५** |

८१ **थप सुविधा लिएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **८,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **८,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **८,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८२ **न्यानो झोला खरिद**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०/८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुगमन गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस वर्ष रु.७९६.४७ दरमा ५५० थानको रु.४,९५,००६।– (मू.अ. कर समेत) को न्यानो झोला खरिद गरेको मा यस पालिका अन्तर्गत यस वर्ष १९४ जना प्रसुती भएको अभिलेखबाट देखिन्छ।खरिद भएका ३५० थान बढी झोलाहरु भण्डारमा रहेका छन्।खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन।तसर्थ, माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।लामो समय भन्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

८३ **कृषी पशु अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट समुह र व्यक्ती गरी ४०५ जनाको लागि रु.७६,४३,८०४/- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| कृषि तर्फः | | | | |
|---|---|---|---|---|
| क्र.स | कार्यक्रम | कामको विवरण | रकम | लाभान्वित संख्या |
| १ | मिनिटिलर ५० प्रतिशतअनुदानमा वितरण | वडा अनुसार मिनिटिलरवितरण | ५६५०००० | १८७ |
| २ | आकस्मिक वालि संरक्षणसेवा | वाली विरुवामा लागेकोरोगको आधारमा विषादि वितरण | १२०००० | - |
| ३ | खाद्यान्न वालीको ७०प्रतिशतमा अनुदान वितरण | मकै,धान र गहुँको विउवितरण | २७०००० | - |
| ४ | च्याउको विउ वितरण | मागको आधारमा च्याउकोविउ वितरण | ४६०००० | - |
| **जम्मा** | | | **६५०००००** | **१८७** |

| पशु तर्फः | | | | |
|---|---|---|---|---|
| क्र.स | कार्यक्रम | कामको विवरण | रकम | लाभान्वित संख्या |
| १ | दुध अनुदान | दुध उत्पादककिसानहरुलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान | ११४३८०४ | २१८ |
| **जम्मा** | | | **११४३८०४** | **२१८** |

## ८४ शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका ४७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यामिक तह | ८ | ८ | ८ | ७२३ |
| २ | माध्यामिक तह | २३ | २३ | ५ | १४२७ |
| ३ | नि.मा.वि तह | ३३ | ३३ | ९ | २१०९ |
| ४ | प्रा.वि तह | १६४ | १६४ | ३३ | ३३६४ |
| **जम्मा** | | **२२८** | **२२८** | **५५** | **७६२३** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षक पदपूर्ति हुनुपर्दछ।

## ८५ छात्रवृत्ति अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ४.२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४०० र दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका ४७ वटा विद्यालयमा रु.१७ लाख ३० हजार निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयलबाट छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भएबमोजिम निम्न विद्यालयको बढी निकासा असुल हुनुपर्ने रु.

| क्र.स | विद्यालयकोनाम | भएको निकासा | हुनुपर्ने निकासा | बढी निकासा |
|---|---|---|---|---|
| १ | नवज्योतीप्रा.वि,पोखरीचौर | २२८०० | १६४०० | ६४०० |
| २ | शिद्धेश्वरीप्रा.वि, वारागाँउ | ५६०० | ४४०० | १२०० |
| ३ | जनक मा.वि, गमखोला | ७२४०० | ७१४०० | १००० |
| ४ | कृष्ण प्रा.वि, सिम्ले | ८४०० | ४८०० | ३६०० |
| ५ | ने.राप्रा.वि, रानागाँउ | १२८०० | १०००० | २८०० |
| **जम्मा** | | | | **१५०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

८६ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले दुई पटक गरी एकमुष्ठ रु. ५५ लाख ९४ हजार पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ ।सबै विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको छैन।समयमै पाठ्यपुस्तक वितरण गरे नगरेको साथै तोकिएको दररेटमा खरिद गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयको नियमित अनुगमन गरी अधावधिक विवरण तयार गरी फरक दररेटमा खरिद गरेको भए विद्यालयको निकासा फिर्ता गर्नुपर्दछ।

८७ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८८ **निःशुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

८९ **शिर्षक फरक पारी खर्च लेखेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।त्यस्तै, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २८ मा प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी नि:शुल्क पाठ्यपुस्तक अनुदान शिर्षकबाट छात्रवृत्ति अनुदान शिर्षकमा खर्च गरेको छ। फरक शिर्षकमा खर्च गरेकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,७८,००० |

९० **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले एन्जल टच हाईजिन म्यान्युफ्याक्चरीङ प्रा.लि बाट ३० हजार ६ सय ८० थान स्यानिटरी प्याड रु.६ लाख ८६ हजार (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले खरिद गरेको ३० हजार ६ सय थान मध्ये २० हजार १ सय थान वितरण गरेको भरपाई पेश गरेकोमा बाँकी १० हजार ५ सय २० थान भन्डारमा रहरेको हुनाले खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

९१ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय सम्बन्धि मापदन्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९२ **विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) बमोजिम सरकारी खर्च लेख्दा पुष्टीहुने बिल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने ब्यवस्था रहेको छ।पालिकाले गो.भौ नं मिति २१९/०८१/०३/१२ मा विभिन्न ४७ वटा विद्यालयहरुलाई इन्टरनेट,लेखापरीक्षण र एस.आई.पि को रकम रु.१७,८१,०००/- निकासा दिएको छ। जसमध्ये निम्नानुसारका २७

विद्यालयहरुले इन्टरनेट, विद्यालय सुधार योजना एवं लेखापरीक्षण प्रतिवेदन पेस गरेको छैन। उक्त विद्यालयहरुको इन्टरनेटबापतको खर्च, विद्यालय सुधार योजना र लेखापरीक्षण प्रतिवेदन पेस हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | नेरा सृजनशिल प्रा वि, ठाँटी | १२००० | इन्टरनेट बापतको विल नभएको |
| २ | जनकल्याण प्रा वि, भसेदमार | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ३ | कृष्ण प्रा वि, सिमले | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ४ | सरस्वति आ वि, कमैघारी | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ५ | जनजाति वेत्ताडा | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ६ | चन्द्रोदय प्रा वि, मझुवा | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ७ | अम्मरज्योति प्रा वि, सात्तले | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ८ | जनज्योति आ वि, आरनटुंडा | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ९ | नेरा प्रा वि, कोलखोला | १२००० | इन्टरनेट बापतको विल नभएको |
| १० | नवज्योति प्रा वि, पोखरीचौर | १२००० | इन्टरनेट बापतको विल नभएको |
| ११ | पशुपति प्रा वि, पाखापानी | १२००० | इन्टरनेट बापतको विल नभएको |
| १२ | नेरा आ वि, पोखराभञ्ज्याङ | १२००० | इन्टरनेट बापतको विल नभएको |
| १३ | नेरा प्रा वि, कुईरे | १२००० | इन्टरनेट बापतको विल नभएको |
| १४ | आदर्श मा वि, लेखफर्सा | १५००० | लेखापरीक्षण प्रतिवेदन पेस नभएको |
| १५ | पशुपति मा वि, पुलटार | १५००० | लेखापरीक्षण प्रतिवेदन पेस नभएको |
| १६ | जीवन ज्योति मा वि, दशरथपुर | १५००० | लेखापरीक्षण प्रतिवेदन पेस नभएको |
| १७ | चन्द्रज्योति मा वि, चन्द्रपुर | १५००० | लेखापरीक्षण प्रतिवेदन पेस नभएको |
| १८ | नेरा मा वि, कुइनेपानी | १५००० | लेखापरीक्षण प्रतिवेदन पेस नभएको |
| १९ | जनज्योति आ वि, आरनटुंडा | १०००० | लेखापरीक्षण प्रतिवेदन पेस नभएको |
| २० | नवज्योति प्रा वि, पोखरीचौर | १०००० | लेखापरीक्षण प्रतिवेदन पेस नभएको |
| २१ | जीवन ज्योति मा वि, दशरथपुर | २०००० | विद्यालय सुधार योजना नभएको |
| २२ | नेरा मा वि, कुइनेपानी | २०००० | विद्यालय सुधार योजना नभएको |
| २३ | जनकल्याण आ वि, जहडे | १५००० | विद्यालय सुधार योजना नभएको |
| २४ | जनज्योति आ वि, आरनटुंडा | १५००० | विद्यालय सुधार योजना नभएको |
| २५ | नवज्योति प्रा वि, पोखरीचौर | १५००० | विद्यालय सुधार योजना नभएको |
| २६ | नेरा प्रा वि, सिग्रेदह | १५००० | विद्यालय सुधार योजना नभएको |
| २७ | गणेश प्रा वि, ठूलोखल्टाकुरा | १५००० | विद्यालय सुधार योजना नभएको |
| | जम्मा | ३६६००० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६६,००० |

९३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको

जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा २० वटा योजना सञ्चालन गरी ८८ जनालाई १०० दिनले रोजगारी उपलव्ध गराई रु.५७,६३,५००/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० र न्यूनतम ५० दिन रोजगार पाएतापनि सुचिकृत भएका २५३१ व्यक्ति मध्ये ८८ बाहेक २४४३ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

## ९४ मुख्यमन्त्री रोजगार कार्यक्रम

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ अनुसार पालिकामा १० वटा योजना सञ्चालनमा विनियोजित रु. १ करोड ५० लाख मध्ये रु.१ करोड ४६ लाख ८५ हजार खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

९४.१ **रोजगारी स्थिति :** कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले १० वटा कार्यक्रममा श्रमिक ज्याला रु.७४,७१,७६८।– तथा सामाग्री खरिदमा रु.६९,४०,७१४।– (कन्टीन्जेन्सी बाहेक) खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ११८ दिन र न्यूनतम १९ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति मध्ये २२१८ जनाले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १० वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका २२५ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

९४.२ **सार्वजनिक लेखापरीक्षण :** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

## ९५ एम्बुलेन्स सञ्चालन

पालिकाबाट सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्र दशरथपुरमा सञ्चालनमा रहेको एम्बुलेन्स पालिकाको स्वामित्व रहेको र चालकको तलब समेत पालिकाले व्यहोर्ने गरी व्यवस्थापन गरेको देखिन्छ। पालिकाले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनको लागि कार्यविधि निर्धारण गरेको देखिदैन । सेवाग्राहीबाट एम्बुलेन्स प्रयोग वापत प्राप्त हुने राजस्व संकलनको लागि पालिकाले रसिद छपाई कार्य नभएकोले एम्बुलेन्सबाट कति आम्दानी भएको हो एकिन हुन सकिने आधार देखिदैन।पालिकाले एम्बुलेन्स संचालनको कार्यविधि बनाई एम्बुलेन्स सेवा प्रभावकारी बनाउनुपर्दछ।

## ९६ आन्तरिक लेखापरिक्षण

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७५ को नियम ९६ (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व धरौटी तथा विनियोजन तर्फको आयव्यय प्रचलित कानुन बमोजिम खडा भएको कार्य सञ्चालन कोष तथा अन्य सार्वजनिक कोषको आन्तरिक सम्बन्धित प्रदेश लेखा निगन्त्रक कार्यालयबाट गराउनु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्षको सञ्चितकोष, धरौटी, बिबिध खर्च

खाता र प्रकोप ब्यबस्थापन कोषको कारोबारको आन्तरिक लेखापरीक्षण वर्षान्त पछी मात्र गराएको छ भने पालिकामा प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत निकासा भएको रु.७,९२,०००/- र सामाजिक विकास मन्त्रालय मार्फत निकासा भएको रु.८००,०००/- गरी जम्मा रु.१५,९२,०००/- को प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरिक्षण गराइएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको समयमै आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

९७ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) बमोजिम कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पती तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा तिन सदस्यीय समिती गठन गरी सो समितीबाट निरिक्षण गरी गराइ महालेखा परीक्षकबाट स्विकृत ढाँचामा सम्पती तथा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले सम्पती तथा जिन्सी मालसामानको भौतिक निरिक्षण गरी जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी पेस गरेको पाइएन । नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सीको निरीक्षण गर्नुपर्दछ।

९८ **सवारी साधन नविकरण जरिवाना**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड,२०७८ को दफा ९ को उपदफा (१) अनुसार सरकारी खर्चको मितव्ययी र उपलब्धिपुर्ण तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका सवारी साधनहरु समयमै नविकरण नगरेका कारण रु.१५,७५०/- जरिबाना तिरेको छ । समयमा सवारी साधन नविकरण नगराउने कर्मचारीलाई जिम्मेबार बनाई समयमा सवारी साधन नबिकरण गराउने तर्फ ध्यान दिनु पर्दछ ।

| **सवारी साधन नम्बर** | **जरिवाना रकम रु.** |
|---|---|
| भे १ झ २५९ | २७०० |
| क प्र ०२-००१ ब ५०९ | १८३० |
| क प्र ०२-००१ ब ०८४ | २७०० |
| क प्र ०२-००१ ब ०१२८ | ५४० |
| क प्र ०२-००१ ब ५५० | ५५० |
| क प्र ००२-००१ झ ०१०० | ३००० |
| क प्र ०२-००१ ब ०१२९ | २६०० |
| क प्र ०२-००१ ब ०५०२ | १८३० |

९९ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७को परिच्छेद २ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु.१२,३३,११,१८३/- खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

९९.१ **विवरणको समिक्षा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको

कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

९९.२ **अभिलेख अद्यावधिक :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : लेकवेशी नगरपालिका, सुर्खेत , लेकबेशी नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पहलमान अधिकारी | २०८२-१-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हरिलाल न्यौपाने | २०८२-१-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,५०५,९३१ | ८,१४८,८१६ | १२,९३०,३५६ | ० | ० | ३०,८१२,६३८ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५७,३९७,७४१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,७०६,०६२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५२,६९१,६७९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८७६२१३६५.४२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८४४३०४१६.११ | चालु खर्च | ३९८९५४०३५.५६ |
| प्रदेश सरकारबाट अनुदान | ७३४९२५६३ | पूँजीगत खर्च | २२०७८६०५९.३९ |
| राजश्व बाँडफाँट | १०६२०८३५८.०७ | वित्तीय/अन्य व्यवस्था | १६११४०४०६.७५ |
| आन्तरिक आय | ९२९४९०५.८६ | | |
| अन्य आय | १९०९०८७२७.८२ | | |
| कुल आय | ७६४३३४९७०.८६ | कुल खर्च | ७८०८८०५०१.७ |
| बाँकी मौज्दात | | ७१०७५८३४.५८ | |

## बेरूजु दफा ३५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | जिम्मेबारी सारेको मिति | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेश्की रकम |
|---|---|---|---|
| **नगरपालिका चालुतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | केशर बहादुर डाँगी | २००००० |
| २ | २०८०/०४/०१ | कीर्ति प्रसाद भट्टराई | ९८०० |
| ३ | २०८०/०४/०१ | खगिसरा रोकाय | ४००० |
| ४ | २०८०/०४/०१ | खगिसरा रोकाय | ६००० |
| ५ | २०८०/०४/०१ | खगिसरा रोकाय | १६२००० |
| ६ | २०८०/०४/०१ | खगिसरा रोकाय | ८००० |
| ७ | २०८०/०४/०१ | खगिसरा रोकाय | ८००० |
| ८ | २०८०/०४/०१ | खगिसरा रोकाय | ८००० |
| ९ | २०८०/०४/०१ | खगिसरा रोकाय | २००० |
| १० | २०८०/०४/०१ | खगिसरा रोकाय | १००० |
| ११ | २०८०/०४/०१ | दिपक बहादुर विष्ट | ४००० |
| १२ | २०८०/०४/०१ | दिपक बहादुर विष्ट | १६००० |
| १३ | २०८०/०४/०१ | दिपक बहादुर विष्ट | ३००० |
| १४ | २०८०/०४/०१ | नरेन्द्र बहादुर हमाल | ४००० |
| १५ | २०८०/०४/०१ | एच.बि.पि.कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा.लि. | ८७६००० |
| १६ | २०८०/०४/०१ | एच.बि.पि.कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा.लि. | ७४४००० |
| १७ | २०८०/०४/०१ | अशोक घिमिरे | ५००० |
| १८ | २०८०/०४/०१ | अशोक घिमिरे | ३२००० |
| १९ | २०८०/०४/०१ | अशोक घिमिरे | ५००० |
| २० | २०८०/०४/०१ | अशोक घिमिरे | ८७५० |
| २१ | २०८०/०४/०१ | अशोक घिमिरे | १००० |
| २२ | २०८०/०४/०१ | अशोक घिमिरे | ३३५०० |
| २३ | २०८०/०४/०१ | आर.जे .म्युजिक एण्ड मिडिया फिल्मस प्रा.ली | १५०००० |
| २४ | २०८०/०४/०१ | खगेन्द्र हमाल | २०७००० |

| | | | |
|---|---|---|---|
| २५ | २०८०/०४/०१ | नेटा स्वास्थ्य चौकी | २२९००० |
| २६ | २०८०/०४/०१ | नारायण दाहाल | २००००० |
| २७ | २०८०/०४/०१ | नारायण दाहाल | १५०००० |
| २८ | २०८०/०४/०१ | नारायण दाहाल | ६९०० |
| २९ | २०८०/०४/०१ | प्राथमिक स्वास्थ्य केन्द्र दशरथपुर | २८३१६ |
| ३० | २०८०/०४/०१ | मानव सेवा आश्रम | ७२००० |
| ३१ | २०८०/०४/०१ | विक्रम वहादुर मर्साङ्गी | १५००० |
| ३२ | २०८०/०४/०१ | विक्रम वहादुर मर्साङ्गी | १०००० |
| ३३ | २०८०/०४/०१ | श्री कर्णाली प्रदेश ज्येष्ठ नागरिक महासंघ | ५०००० |
| ३४ | २०८०/०४/०१ | साधना गाहा मगर | १०६००० |
| ३५ | २०८०/०४/०१ | गौरी राना मगर | ४४९०० |
| ३६ | २०८०/०४/०१ | जनप्रिय आ.वि. ब्याँवरे | २०८००० |
| ३७ | २०८०/०४/०१ | धनसरा सुनार | १०००० |
| ३८ | २०८०/०४/०१ | भरत राज ढकाल | ४०००० |
| ३९ | २०८०/०४/०१ | भरत राज ढकाल | १००००० |
| ४० | २०८०/०४/०१ | मेहलकुना अस्पताल | १५०००० |
| ४१ | २०८०/०४/०१ | सम्राट सिंहं ठकुरी | ८००० |
| ४२ | २०८०/०४/०१ | सम्राट सिंहं ठकुरी | १०००० |
| ४३ | २०८०/०४/०१ | हेमन्त कुमार मल्ल | ६०००० |
| **जम्मा** | | | **३९९६१६६** |
| **संघिय शसर्त चालुतर्फ :** | | | |
| १ | २०८०/०४/०१ | एच.बि.पि.कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा.लि. | ८७६००० |
| २ | २०८०/०४/०१ | एच.बि.पि.कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा.लि. | ७४४००० |
| ३ | २०८०/०४/०१ | खगेन्द्र हमाल | २०७००० |
| ४ | २०८०/०४/०१ | जनप्रिय आ.वि. ब्याँवरे | २०८००० |
| **जम्मा** | | | **२०३५०००** |
| **नगरपालिका पुँजीगतर्फ :** | | | |

| | | | |
|---|---|---|---|
| १ | २०८०/०४/०१ | टिकाराम आचार्य | ५००००० |
| २ | २०८०/०४/०१ | निर्मला भट्टराई | १६००० |
| ३ | २०८०/०४/०१ | आदर्श मावि लेकफर्सा | १५११५१ |
| ४ | २०८०/०४/०१ | एसोसियट । जय भवानी । रन्जितकार जे भि | ३०००००० |
| ५ | २०८०/०४/०१ | कृषि क्षेत्र विकास कार्यक्रम कार्यक्रम समन्वय कार्यालय सुर्खेत | ६९२५७६.०८ |
| ६ | २०८०/०४/०१ | चन्द्रज्योती मावि चन्द्रपुर | ४०००० |
| ७ | २०८०/०४/०१ | जिल्ला खेलकुद विकास समिती | १००००० |
| ८ | २०८०/०४/०१ | जिल्ला प्रशासन कार्यालय कार्यालय सुर्खेत | ३००००० |
| ९ | २०८०/०४/०१ | मंगले झोलुङ्गे पुल निर्माण उ.स. | २१७५९७ |
| १० | २०८०/०४/०१ | रमेश गिरी | १००००० |
| ११ | २०८०/०४/०१ | टिकाराम आचार्य | ९७०२५ |
| १२ | २०८०/०४/०१ | हेमन्त कुमार मल्ल | ४०००० |
| **जम्मा** | | | **५२५४३४९.०८** |
| **संघिय सशर्त पुँजीगत** | | | |
| १ | २०८०/०४/०१ | टिकाराम आचार्य | ५००००० |
| २ | २०८०/०४/०१ | निर्मला भट्टराई | १६००० |
| ३ | २०८०/०४/०१ | एच.बि.पि.कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा.लि. | ७३९००० |
| ४ | २०८०/०४/०१ | आदर्श मावि लेकफर्सा | ७३०००० |
| ५ | २०८०/०४/०१ | उमा कन्स्ट्रक्सन सेवा | ६००००० |
| ६ | २०८०/०४/०१ | ज्वाला निर्माण सेवा | ९१५००० |
| ७ | २०८०/०४/०१ | धुर्व निर्माण सेवा तथा विशान खाद्य तथा निर्माण सामाग्री सप्लायर्स | १५००००० |
| ८ | २०८०/०४/०१ | बडिमालिका कन्ष्ट्रक्सन | ४००००० |
| ९ | २०८०/०४/०१ | लोकराज घर्ति | २००५३२.९६ |
| १० | २०८०/०४/०१ | विनम्र निर्माण सेवा | १३४००० |
| ११ | २०८०/०४/०१ | सप्तकोशी निर्माण सेवा | ४३८००० |
| १२ | २०८०/०४/०१ | सरस्वति मावि सीमदमार | ९००००० |

| | | | |
|---|---|---|---|
| १३ | २०८०/०४/०१ | अग्री इन्कर्पोरेटेड प्रा.लि. | ८७५८१८ |
| १४ | २०८०/०४/०१ | आदर्श मावि लेकफर्सा | १५११५१ |
| १५ | २०८०/०४/०१ | एसोसियट । जय भवानी । रन्जितकार जे भि | ६०००००० |
| १६ | २०८०/०४/०१ | कृषि क्षेत्र विकास कार्यक्रम कार्यक्रम समन्वय कार्यालय सुर्खेत | ६९२५७६.०८ |
| १७ | २०८०/०४/०१ | चन्द्रज्योती मावि चन्द्रपुर | ४०००० |
| १८ | २०८०/०४/०१ | जिल्ला खेलकुद विकास समिती | १००००० |
| १९ | २०८०/०४/०१ | जिल्ला प्रशासन कार्यालय कार्यालय सुर्खेत | ३००००० |
| २० | २०८०/०४/०१ | नारायण दाहाल | ११५००० |
| २१ | २०८०/०४/०१ | नारायण दाहाल | ४०००० |
| २२ | २०८०/०४/०१ | नारायण दाहाल | १००००० |
| २३ | २०८०/०४/०१ | निर्भृति निर्माण सेवा | ६५०००० |
| २४ | २०८०/०४/०१ | मंगले झोलुङ्गे पुल निर्माण उ.स. | २१७५९७ |
| २५ | २०८०/०४/०१ | रमेश गिरी | १००००० |
| २६ | २०८०/०४/०१ | खुनुर्के धनेरी झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति लेकवेशी ७ र ८ सुर्खेत | १०७२६४१ |
| २७ | २०८०/०४/०१ | न्यावलखोला झोलुङ्गे पुल उपभोता समिती | ५९२३८९ |
| २८ | २०८०/०४/०१ | भुरुङ्गडाँडा पुडे झोलुङ्गे पुल निर्माण उ.स. | ६४८१९५ |
| २९ | २०८०/०४/०१ | टिकाराम आचार्य | ९७०२५ |
| ३० | २०८०/०४/०१ | हेमन्त कुमार मल्ल | ४०००० |
| ३१ | २०८०/०४/०१ | निरन्जन कुमार वाग्ले | ५००० |
| | | | **१८९०९९२५.०४** |
| **विविध कोष खाता** | | | |
| १ | २०८०/०४/०१ | नमराज आचार्य | २००००० |
| **कुल जम्मा** | | | **३०३९५४४०/१२** |

## बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम | सम्झौता रकम | घटी % |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८०-०८१ | स्वास्थ्य चौकी निर्माण लेकवेशी १ | श्री जगन्नाथ निर्माण सेवा | ४८५०५११.९९ | ३२४२९४२.६६ | ३३.१४ |
| २ | ०२/०८०-०८१ | भुटचोक -साटाफाट-देविडाडा-तिम्सारकोट हुदै गार्पन जोड्ने सडक | श्री गणेश निर्माण सेवा | ११५२००००.०० | ६५५६४३९.७५ | ४३.०९ |
| ३ | ०३/०८०-०८१ | कोलखोला लामीडाडा लेकवेशी-८ | श्री शिवशक्ती निर्माण सेवा | ७३०८०९३.५२ | ४१४९८१६.३२ | ४३.२२ |
| ४ | ०४/०८०-०८१ | साटाफाट देखी धाबेन हुँदै साटाखानी जोड्ने सडक | श्री शिवशक्ती निर्माण सेवा | ४००००००.०० | २५७७८८९.२० | ३५.५५ |
| ५ | ०५/०८०-०८१ | कृषि क्याम्पस छात्रवास निर्माण | श्री वल्ड ह्यारीसन कस्ट्रक्सन प्रा.लि | ५७६१२१४.५ | ४३७१२४८.४६ | २४.१३ |
| ६ | ०६/०८०-०८१ | विभिन्न सडक खण्डको स्तरोन्नती र ग्रावेलिङ कार्य लेकवेशी १ | श्री न्यु पब्लिक कस्ट्रक्सन प्रा.लि | ३०५००३२.२३ | १५८०७१४.४४ | ४८.१७ |
| ७ | ०७/०८०-०८१ | जीवन ज्योती मा वि स्कुलभवन निर्माण | श्री मंगल कस्ट्रक्सन | ६०७५३२३.२३ | ३९१३७२९.६५ | ३५.५८ |
| ८ | ०८/०८०-०८१ | कृषि क्याम्पस भौतिक संरचना निर्माण | श्री एस.बि कस्ट्रक्सन | ९६००४८६.८५ | ६११९७१०.२४ | ३६.२६ |
| ९ | ०९/०८०-०८१ | पोखराभज्याङ गन्नेपानी कोलखोला लेकवेशी -८ | श्री सुर्य एण्ड विनोद निर्माण सेवा | २४५३७२५.३६ | १२९०७८४.१९ | ४७.३९ |
| १० | १०/०८०-०८१ | कल्पनाचोक रानागाँउ चरकुने सडक स्तरोन्नती | श्री शिशिर कस्ट्रक्सन | २४५४९२०.३१ | १४८७१७५.४५ | ३९.४२ |
| ११ | ११/०८०-०८१ | जडे कालामाटे गयालघारी सडक निर्मनण | श्री पवन कन्स्ट्रक्सन | २९४०११४.७५ | १३६५५४८.३८ | ५३.५५ |
| १२ | १२/०८०-०८१ | मिलडाँडा तोर्पे धाबा हुदै गामखोला जोड्ने सडक | श्री पवन कन्स्ट्रक्सन | ७९२८९९१.३२ | ४०३३८०४.४५ | ४९.१३ |
| १३ | १३/०८०-०८१ | आदर्श मा वि लेकफर्शा को भवन निर्माण | श्री जगन्नाथ निर्माण सेवा | ५४९८००० | ३७४९८९७.५७ | ३१.८० |
| १४ | १४/०८०-०८१ | लावाना रानागाँउ लेकवेशी ६,७ जोड्ने सडक | श्री जि.आर.एन.कस्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ७१५४०३१.१३ | ३४२९५५०.४६ | ५२.०६ |
| १५ | १५/०८०-०८१ | लेकवेशी ८ को विभिन्न सडक निर्माण | श्री शिशिर कन्स्ट्रक्सन | २२४०५१७.८८ | १६८१०५०.६३ | २४.९७ |
| १६ | १६/०८०-०८१ | खाँडादेवी मा वि पूर्वाधार निर्माण | श्री बि सीसी कन्स्ट्रक्सन | २८८६०२९.४५ | २२६५३४४.८८ | २१.५१ |
| १७ | ०१/०८०-०८१ | औषधि खरिद | श्री निहित फर्मकिमिकल्स | ३२९८०६७.०४ | १२१५५४० | ६३.१४ |
| १८ | ००१/०८०-०८१ | होम पाइप खरिद | श्री स्टार पोली पाइप इण्डष्ट्रिज प्रा.लि | २६०५२४७.०५ | १४४४७३५.५१ | ४४.५५ |
| १९ | ००२/०८०-०८१ | मिनटिलर खरिद | श्री इण्डट्रियल अटोमेसन टेक्नोलोजी प्रा.ली | ११३००००० | ८१९१७०० | २७.५१ |
| २० | ०८/०८०-०८१ | पाइप खरिद | श्री मारुती पाइप प्रा.लि | ४२६४२७७.६२ | ३२६५३२५.९७ | २३.४३ |
| **जम्मा** | | | | **१०७१८९५८४.२३** | **६५९३२९४८.२१** | |

## बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| ठेक्का नं. | कामको विवरण | निर्माण फर्मको नाम | सम्झौता मिति | सम्झौताको म्याद | सम्झौता रकम | हालसम्मको भुक्तानी रु. | भौतिक प्रगती % | कार्य सम्पादन जमानत | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रकम | जमानतको म्याद |
| ६/०७६-७७ | चन्द्रपुर माध्यमिक विद्यालय | एच वि पि कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा लि | २०७७/०३/२६ | २०७८-१२-३० | १०२४५८९३.०३ | ४९४८०६१ | ३५ | १४४०००० | २०२२/०९/०९ |
| ७/०७६-७७ | कल्यान स्वास्थ्यचौकी भवन | एच वि पि कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा लि | २०७७/०३/२६ | २०७८-०६-३० | ७११८००७.८९ | ३९००००० | ८० | ८४७००० | २०२२/०७/०९ |
| १/०७७-०७८ | आदर्श मा.वि. लेखफरुसा भवन निर्माण | सप्तकोशी निर्माण सेवा | २०७७/१२/०३ | २०७९-१२-३० | ८३५१५३८.२ | ५३४८७८० | १ | १२९२००० | २०२४/०५/२४ |
| २/०७७-०७८ | राष्ट्रिय माध्यमिक विद्यालय चुनियाँपानी | एच वि पि कन्स्ट्रक्सन एण्ड ट्रान्सपोर्ट प्रा लि | २०७७/१२/०२ | २०७८-०३-२५ | ८४००९९३.५७ | १५००८९१ | ७० | १४४०००० | २०२२/०७/०९ |
| ३/०७७-०७८ | आरनटुँडा नेटा बारागाउँ हुँदै सिम्ता जोडने सडक | सुदर्शन निर्माण सेवा | २०७७/११/२६ | २०७९-१०-३९ | २७९७२३९.०३ | १९१७९८७ | १० | ३०६९००० | २०७९/०४/०५ |
| ७/०७७-०७८ | कुइनेपानी लामीडाँडा पामका जोडने सडक | विशाल निर्माण सेवा | २०७८/०१/१३ | २०८०-०३-३२ | ४०४९०१६.४५ | १०५००० | ० | २२७२००० | २०२३/०१/१४ |
| ९/०७७-०७८ | १५ शैया अस्पताल भवन निर्माण | खडका/वली/शुभआशीर्वाद जे भी | २०७८/०३/१५ | २०८०-०३-२५ | ११२२०५८२७.९ | २७८११११५० | ० | २२८००००० | २०२४/०६/१४ |
| १/०७८-७९ | लावान रानागाउँ सडक योजना | हमाल विल्डर्स | २०७८/०९/२२ | २०८०-०३-३२ | ६२७५८३१.१ | १४४४८०८ | ४० | २२७५००० | २०२४/०८/२४ |
| ३/०७८-०७९ | मा वि बवारे भवन निर्माण | ज्वाला निर्माण सेवा | २०७८/०९/२२ | २०८०-०३-३२ | २५४७४९२.४७ | ८८३५०० | १० | ३०७००० | २०२३/०८/१७ |
| ४/०७८-७९ | खाँडदेवी माध्यमिक विद्यालय चौरेशा | ज्वाला निर्माण सेवा | २०७८/०९/२२ | २०८०-०३-३२ | १०३४२१०९.७९ | १००५००० | १० | २२००००० | २०२३/०८/१७ |
| ५/०७८-०७९ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय चुनियाँपानी | श्री विशालपुर निर्माण सेवा | २०७८/१२/२९ | २०८०-०३-३२ | १०२९१८८१.८३ | ३०३८०३८ | ० | १३४९००० | २०२३/०८/१७ |
| ६/०७८-०७९ | आदर्श माध्यमिक विद्यालय भवन निर्माण लेकवसी १ | श्री विशालपुर निर्माण सेवा | २०७८/१२/२९ | २०७९-०३-३२ | १०००१३२४.८६ | ३५५५८१८ | ७० | १८५४००० | २०२३/०८/१५ |
| **जम्मा** | | | | | **१९२६२७१५६.१** | | | | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचना निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनामा तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा दर्शाइएका सुझावहरु कार्यान्वयन हुनु पर्दछ ।

- पालिकामा निर्माणाधीन भौतिक संरचनाहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।